

# अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय मानव अधिकार महाभेला, २०१६

पृष्ठ ३

## यसभित्र



पृष्ठ २०

### अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय मानव अधिकार महाभेलाद्वारा जारी संयुक्त काठमाडौँ घोषणापत्र – २०१६

### TREADING WITH TECHNOLOGY PAGE 25

### नेपालमा समावेशी शिक्षाका चुनौती र अवसर/पृष्ठ २७

### अपाङ्गता भएका व्यक्तिहरूको २५ औँ अन्तर्राष्ट्रिय दिवस आयोजना




पृष्ठ २०




**रूपान्तरण**

वर्ष : २०, अङ्क : २, पुस, २०७३
राष्ट्रिय अपाङ्ग महासङ्घ-नेपालको मुखपत्र

| | |
|---|---|
| सल्लाहकार : | **सुदर्शन सुवेदी** |
| सम्पादन समूह : | **मनिष प्रसाई, विमल पौडेल** |
| भाषा सम्पादन : | **धातृप्रसाद सुवेदी** |
| आवरण/ले-आउट : | **योगेश खपाङ्गी (एक्सप्रेस मल्टिमिडिया)** |
| प्रकाशक : | **राष्ट्रिय अपाङ्ग महासङ्घ-नेपाल, सूचना तथा सञ्चार समन्वय विभाग** |
| कार्यालय : | भृकुटीमण्डप, काठमाडौं । |
| फोन : | ४२३११५९ फ्याक्स : ४२२९५२२ पो.ब.नं. : ९१८८ |
| इमेल : | info@nfdn.org.np, rupantaran@nfdn.org.np |
| वेबसाइट : | www.nfdn.org.np |
| मुद्रक : | **भोजपुर सिद्धकाली प्रिन्टिङ प्रेस** |

# मानव अधिकार महाभेलाको दूरगामी महत्व

सबैले समानरूपमा मानव अधिकारको उपयोग गर्न पाउनु पर्ने भए पनि अपाङ्गता भएका व्यक्तिहरू यसको उपयोगबाट सबैभन्दा धेरै वञ्चित छन् । संयुक्त राष्ट्रसङ्घले सन् १९८० देखि गरेको अथक प्रयासपछि पनि अपाङ्गता भएका व्यक्तिहरू विश्वभरि नै मानव अधिकारको उपयोगमा सबैभन्दा पछाडि पारिएपछि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको रूपमा उनीहरूका लागि छुट्टै अन्तर्राष्ट्रिय कानुन ल्याइएको हो । नेपालको सन्दर्भमा कुरा गर्दा अपाङ्गता अधिकारसम्बन्धी महासन्धिलगायत मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय कानुनहरूको पक्षराष्ट्र भइसक्दा पनि अझै नेपालका अपाङ्गता भएका व्यक्तिहरूले त्यसको समान उपयोग गर्न पाएका छैनन् । महासन्धि अनुकूल हुनेगरी पुरानो अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ लाई पुनर्लेखन गरेर संसद्मा पेश गरिएको भए पनि यसले अझै विभिन्न राजनीतिक उतारचढावका कारण स्वीकृति पाउन सकेको छैन ।

राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा सुविधाहरूमा पहुँच पुर्‍याउन विभिन्न नीतिगत र कानुनी व्यवस्थाहरू गरेको भए पनि तिनको समानरूपमा सबैतिर प्रभावकारी कार्यान्वयन हुनसकेको छैन । भूकम्पपछिको पुनर्निर्माणमा सार्वजनिक संरचनाहरू अपाङ्गतामैत्री बनाउन सरकार नीतिगतरूपमा प्रतिबद्ध देखिए पनि व्यवहारमा यसको कार्यान्वयन प्रभावकारी हुनसकेको छैन । अपाङ्गता भएका महिला र बालबालिकामाथि हुने विभिन्न प्रकारका हिंसा र दुर्व्यवहार रोकिन सकेका छैनन् । अपाङ्गताका आधारमा गरिने विभेदहरूलाई सरकारले दण्डनीय बनाउन सकेको छैन । सार्वजनिक भौतिक संरचना, सेवा सुविधा र सूचना तथा सञ्चार प्रणाली अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त छैनन् ।

यी विविध कारणले अपाङ्गता भएका व्यक्तिहरू मानव अधिकारको उपयोगबाट वञ्चित रहेका छन् । यस सन्दर्भमा महासङ्घले आयोजना गरेको अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार महाभेलाले सबै सरोकारवाला निकायलाई एकैठाउँमा उभ्याएर अपाङ्गता भएका व्यक्तिहरूका सवालमा सुसूचितमात्र गरेको छैन सार्वजनिक प्रतिबद्धतासमेत गराएको छ । महाभेलाले जारी गरेको काठमाडौँ घोषणापत्रमा प्रत्येक सरोकारवाला निकायहरूले पूरा गर्नु पर्ने दायित्वहरू उल्लेख गरेर सिफारिसहरू गरिएको छ । यो कुनै कानुनी दस्तावेज नभए पनि कानुनमा उल्लेखिन कुराहरू पालना गर्न गरिएको प्रतिबद्धतापत्र भएकाले यसको महत्व दूरगामी छ । यस सन्दर्भमा अबका दिनमा राष्ट्रिय अपाङ्ग महासङ्घको प्रयास त्यस घोषणापत्रको प्रभावकारी प्रचारप्रसार र त्यसमा उल्लेख गरिएका सिफारिस सम्बन्धित सरोकारवाला निकायहरूमार्फत कार्यान्वयन गराउन केन्द्रित हुन र देशव्यापीरूपमा सञ्चालन गर्ने भनी घोषणा गरिएको महा-वकालत अभियानलाई अविलम्ब सुरु गर्नु आवश्यक देखिन्छ । •

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ लाई नेपालले अनुमोदन गरेको ६ वर्ष पूरा भइसक्दा पनि अपाङ्गता भएका व्यक्तिका सवालहरू अझै पनि मानव अधिकारको प्रमुख मुद्दा बन्न नसकिरहेको वर्तमान परिवेशमा उनीहरूका मानव अधिकारसम्बन्धी सवालहरूलाई देशव्यापीरूपमा उठान गर्ने, सरोकारवालाहरूलाई यस विषयमा जानकारी गराउन र संयुक्त प्रतिबद्धता हासिल गर्ने मुख्य उद्देश्यले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसकै अवसर पारेर राष्ट्रिय अपाङ्ग महासङ्घले डिसेम्बर १२ र १३, २०१६ मा अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय मानव अधिकार महाभेला आयोजना गर्‍यो ।

काठमाडौंमा आयोजना गरिएको महाभेलाको अध्यक्षता राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले गर्नुभयो भने प्रमुख अतिथिको रूपमा कार्यक्रममा उपस्थित राष्ट्रिय मानव अधिकार आयोगका प्रमुख आयुक्त अनुपराज शर्माले कार्यक्रमको औपचारिक उद्घाटन गर्नुभयो ।

प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै प्रमुख आयुक्त शर्माले राज्यले अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त वातावरण निर्माण गर्न नसकेको र अझै पनि अपाङ्गताका आधारमा जतासुकै विभेद व्याप्त रहेको हुनाले उनीहरूले मानव अधिकारको उपयोग गर्न नपाएको बताउनुभयो ।

त्यसका लागि राष्ट्रिय मानव अधिकार आयोगले पनि अझै धेरै गर्न बाँकी रहेको स्वीकार्दै उहाँले आगामी दिनमा अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारका लागि आफ्ना विभिन्न कार्यक्रममार्फत आयोगले विशेष पहल गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

कार्यक्रममा देशका पाँचै विकास क्षेत्रका

# अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय मानव अधिकार महाभेला, २०१६



विभिन्न जिल्लामा कार्यरत अपाङ्गता भएका व्यक्तिका संस्थाबाट ५०० भन्दा बढी प्रतिनिधि र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलगायत विभिन्न मन्त्रालय तथा विभाग, अपाङ्गता क्षेत्रमा काम गरिरहेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, राजनीतिक दलका प्रतिनिधि, निजी क्षेत्र, सञ्चारमाध्यम, मानव अधिकारकर्मीका साथै सांसदहरूको उपस्थिति तथा सहभागिता रहेको थियो ।

राष्ट्रिय अपाङ्ग महासङ्घका उपाध्यक्ष टीका दहालले सञ्चालन गर्नुभएको उद्घाटन सत्रमा महासङ्घ र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको संयुक्त नेतृत्वमा ओस्लोस्थित सिन्टेफ नामक अन्तर्राष्ट्रिय अनुसन्धान कम्पनीको प्राविधिक सहयोगमा सन् २०१५ मा देशका ५९ जिल्लामा गरिएको नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर अध्ययनको प्रतिवेदनका मुख्य तथ्यहरूका बारेमा प्रस्तुति गरियो ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका कार्यक्रम तथा प्रशासन प्रमुख मनिष प्रसाईंले गर्नुभएको प्रस्तुतिमा नेपालमा अपाङ्गता नभएका व्यक्तिको तुलनामा अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर उल्लेख्यरूपमा निम्न स्तरमा रहेको र विशेष गरेर अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य, शिक्षा, सहायक सामग्री र सञ्चारमा पहुँच न्यून रहेको जानकारी गराउनुभयो ।

उद्घाटन सत्रमा विशेष अतिथिको आसनबाट अधिकांश वक्ताले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको अवस्था निकै कठीन भएको विषयलाई स्वीकार्दै आ-आफ्ना क्षेत्रबाट सबैले यस विषयलाई गम्भीररूपमा लिनु पर्ने र विकास र मानव अधिकारका हरेक सवालमा अपाङ्गता भएका व्यक्तिका सवालहरूलाई छुटाउन नहुने बताउनुभयो ।

## समानान्तर सत्र

मानव अधिकार महाभेलाको उद्घाटन सत्रपछि अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारका सवालमा छलफल गर्न मुख्य सात वटा सवाल पहिचान गरेर ती सवालमा समानान्तर सत्र (Parallel Sessions) सञ्चालन गरिए ।






### समानान्तर सत्रका विषयवस्तु

- अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी शिक्षा
- अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकार र वर्तमान अवस्था
- अपाङ्गता भएका महिलामाथि हुने हिंसा, वर्तमान अवस्था र समाधानका उपाय
- अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारी, चुनौती र अवसर
- दिगो विकास लक्ष र अपाङ्गता भएका व्यक्तिका सवाल
- अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त पर्यटन
- अपाङ्गता समावेशी विपद् व्यवस्थापन र पुनर्निर्माण

उल्लेखित सवालहरूमा विभिन्न विज्ञ र अपाङ्गता अधिकारकर्मीबाट विस्तृत कार्यपत्र प्रस्तुत गरी सहभागीमाझ खुल्ला छलफल सञ्चालन गरेर प्रत्येक सवालमा निश्कर्ष निकालियो ।

कार्यपत्र प्रस्तुत गर्नेहरूमा समावेशी शिक्षामा डा. वासुदेव काफ्ले, अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकारमा अपाङ्गता अधिकारकर्मी भोजराज श्रेष्ठ र अन्य सहकर्मी साथी, अपाङ्गता भएका महिलामाथि हुने हिंसामा अपाङ्गता अधिकारकर्मी निर्मला धिताल, अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी सम्बन्धमा सागर प्रसाईं, दिगो विकासका लक्ष्य र अपाङ्गताको सवाल सम्बन्धमा प्रकाश वाग्ले, अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त पर्यटनमा पंकज प्रधानाङ्ग र अपाङ्गता समावेशी विपद् व्यवस्थापनमा Ms. Nino Gvetedze हुनुहन्थ्यो ।

प्रत्येक सामानान्तर सत्रमा प्रस्तुत गरिएका कार्यपत्रहरूमा सहभागीलाई आफ्ना विचार राख्ने समय उपलब्ध गराइयो । सहभागीहरूले कार्यपत्रमा लेखिएका कुरामा थप स्पष्ट हुन प्रश्न गर्ने लगायत कार्यपत्रको लागि थप सूचना उपलब्ध गराउने र सम्बन्धित सवालमा समुदायस्तरमा रहेका समस्या,

चुनौती र राम्रा अभ्यासका बारेमा पनि जानकारी उपलब्ध गराए ।




## कार्यपत्र र यसमाथि भएका छलफलले उजागर गरेका मुख्य तथ्य र सवाल

### समावेशी शिक्षा

- विद्यालय जाने उमेरका अधिकांश अपाङ्गता भएका बालबालिका अझै पनि विद्यालयसम्म पुग्नसकेका छैनन्,
- हालसम्म ७४ हजार जति अपाङ्गता भएका बालबालिकामात्र विद्यालयमा पढिरहेका छन्,
- विद्यालयले स्वीकार नगर्ने, अभिभावकले विद्यालय पठाउन नमान्ने, घरबाट विद्यालय टाढा हुने, सहयोगी र हेरचार गर्ने व्यक्तिको अभाव, सहायक सामग्रीहरूको अभाव आदिका कारण पनि धेरै अपाङ्गता भएका बालबालिका विद्यालयबाहिर रहेका छन् ।
- अपाङ्गता भएका वालबालिकाका लागि शिक्षासम्बन्धी नीति, नियम र कानुनहरूमा धेरै कुरा उल्लेख गरिएको भए पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा पनि अपाङ्गता भएका बालबालिका शिक्षाको अवसरबाट बञ्चित छन् ।
- राज्यसँग कति अपाङ्गता भएका बालबालिका विद्यालयबाहिर छन् भन्ने विषयमा कुनै तथ्यङ्क छैन ।
- अपाङ्गता भएका बालबालिकाको विद्यालय छाड्ने दर उच्च छ । विभिन्न प्रकारका विभेद, दुर्व्यवहार, विद्यालय जान धेरै हिंड्नु पर्ने,



भाडामा बस्न पनि पहुँचयुक्त कोठा नपाइने, विद्यालयको भौतिक वातावरण अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त नभएको र शिक्षण सिकाइ पद्धति पनि पहुँचयुक्त नभएका कारण धेरै अपाङ्गता भएका बालबालिका विद्यालय भर्ना भएर पनि छिटै विद्यालय छाड्ने गर्छन् ।

प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई मतदानमा भाग लिन सक्नेगरी व्यवस्थाहरू गर्न सकेका छैनन् ।

- मतदान केन्द्र, स्थल, प्रक्रिया र मतदाता दर्ता प्रक्रियालाई सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त छैनन् ।




## अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकार

- अपाङ्गता भएका व्यक्तिहरूलाई उम्मेदवारहरू बनाउन राजनीतिक दलहरूले प्राथमिकतामा राख्दैनन् ।
- नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्वलाई सङ्घीय प्रतिनिधिसभा, प्रदेशसभा र राष्ट्रियसभामा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छ तर स्थानीय तहमा प्रतिनिधित्वका लागि कुनै व्यवस्था गर्न सकेको छैन ।
- निर्वाचनसम्बन्धी कानुनहरूले अझै पनि सबै

## अपाङ्गता भएका महिलामाथि हुने हिंसा र दुर्व्यवहार

- अपाङ्गता भएका महिलामाथि बलात्कार लगायत अन्य विभिन्न प्रकृतिका हिंसाका घटना बढिरहेका छन् र उनीहरूका लागि न्यायमा पहुँच पुर्याउन कतिपय वर्तमान कानुनी व्यवस्थाहरू नै अवरोध बनेका छन् ।
- अपाङ्गता भएका महिलाहरू दोहोरो लैंगिक विभेदमा परेका छन र उनीहरूले प्रजनन् स्वास्थ्यको अधिकारको उपयोग गर्न पाएका छैनन् ।




## अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारी

- अपाङ्गता भएका व्यक्तिहरूको बेरोजगारीदर अपाङ्गता नभएका व्यक्तिहरूको तुलनामा दुईगुणाले धेरै छ । नेपालमा यसका बारेमा कुनै अध्ययन गरिएको छैन ।
- अपाङ्गता भएका व्यक्तिहरूले गुणस्तरीय शिक्षा नपाउनु, सार्वजनिक भौतिक संरचना, कार्यस्थल र यातायात सेवा अपाङ्गतामैत्री नहनु र रोजगारमूलक तालिममा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच नपुग्नु बेरोजगार हुनु पर्ने मुख्य कारण हुन् ।
- कतिपय अवस्थामा रोजगारदाताहरूको अपाङ्गता भएका व्यक्तिहरू प्रतिको नकारात्मक दृष्टिकोणहरू पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारी पाउन अवरोधपूर्ण बन्ने गरेका छन् ।

## दिगो विकास लक्ष्य र अपाङ्गता भएका व्यक्तिका सवाल

- दिगो विकासका केही महत्वपूर्ण लक्ष्यमा अपाङ्गता भएका व्यक्तिका सवाललाई समेटिएको छ र १७ वटै लक्ष्यमा प्रत्यक्ष वा परोक्षरूपमा अपाङ्गताका सवाल सम्बन्धित छन् तर सरकारले यसको कार्यान्वयनमा कुनै प्रतिबद्धता देखाउन सकेको छैन ।
- विकासका हरेक गतिविधिलाई अपाङ्गताको सवालले छुन्छन् तर विकासका योजना निर्माण गर्दा यस विषयमा सम्बन्धित निकायहरूले ध्यान पुर्याउँदैनन् ।
- सार्वजनिक भौतिक संरचनाहरू र सञ्चार सेवा सबैका लागि पहुँचयुक्त नहुनु विकाससँग जोडिएको एउटा महत्वपूर्ण विषय हो । यसबाहेक विभिन्न निर्णय प्रक्रिया र योजना निर्माणमा पनि अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र प्रतिनिधित्वको कमी छ ।

# अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त पर्यटन

- विभिन्न कारणले पर्यटन पहुँचयुक्त नहुँदा अपाङ्गता भएका व्यक्तिहरूको स्वतन्त्र आवागमन, यात्रा, मनोरञ्जन आदिको अधिकार हनन् भएको छ र अर्कोतिर हरेकपल पर्यटन क्षेत्रले ग्राहकको ठूलो सङ्ख्या गुमाइरहेको छ ।
- अवरोधयुक्त भौतिक संरचनाका कारणले पर्यटनमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता अत्यन्तै न्यून छ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई पर्यटन सेवाको उपयोग तथा व्यवसाय समान अधिकार प्राप्त ग्राहकको रूपमा सम्बोधन गर्नुपर्छ ।
- पहुँचयुक्त पर्यटन भनेको लगानी हो र यो नवीन सोच पनि हो, जसले व्यवसायको छवी, ख्याती र नाफा सबैमा सकारात्मक प्रभाव पार्छ ।
- सबै पर्यटकीयस्थलहरूलाई अपाङ्गता भएका व्यक्तिलगायत सबैको लागि पहुँचयुक्त, सहज र सुविधायुक्त बनाउनुपर्छ ।

# अपाङ्गता समावेशी विपद् व्यवस्थापन

- विपद्बाट सबैभन्दा छिटो र धेरै प्रभावित हुने समुदाय अपाङ्गता भएका व्यक्तिहरूको समुदाय पनि हो ।
- विपद्को अवस्थामा गरिने उद्धार तथा राहतमा अपाङ्गता भएका व्यक्तिहरू प्राथमिकतामा पर्ने गर्दैनन् ।
- राहत वितरण कार्यक्रम समावेशी र सबैका लागि पहुँचयुक्त हुन नसक्दा अपाङ्गता भएका व्यक्तिहरू यसबाट लाभान्वित हुनसकेका छैनन् ।
- नेपालका सन् २०१५ मा गएको भूकम्पबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूले मुख्यरूपमा राहत सेवा लिन, आवास सुविधा र शौचालय तथा पिउनेपानी जस्ता सेवा उपयोग गर्न ज्यादै ठूला चुनौतीको सामना गर्नुपरेका तथ्यहरू छन् ।
- विपद्सम्बन्धी पूर्वतयारी, तालिम तथा अभिमुखीकरणमा अपाङ्गता भएका व्यक्तिका सवाललाई समावेश गरिँदैनन् ।
- विपद्सम्बन्धी योजना निर्माण, कार्यान्वयन र अनुगमनहरूमा अपाङ्गता भएका व्यक्ति वा तिनका प्रतिनिधिको सहभागिता हुँदैन ।

## काठमाडौ घोषणापत्र

महाभेलाको अन्तिम दिन विभिन्न समानान्तर सत्रमा प्रस्तुत कार्यपत्रहरू, तिनमाथि भएका छलफल र सहभागीहरूबाट आएका सुझावलाई मध्यनजर गरी सम्बन्धित सबै सरोकारवालालाई अपाङ्गता भएका व्यक्तिका मानव अधिकारका सवालहरू सम्बोधन गर्न सिफारिस गर्ने भेलाको निर्णय भई काठमाडौँ घोषणापत्र जारी गरियो ।

जम्मा ८२ बुँदा रहेको घोषणापत्रमा सरकारी निकाय, विकास/दातृ निकाय, राष्ट्रसङ्घीय निकाय, अन्तर्राष्ट्रिय गैर सरकारी निकाय, अपाङ्गता भएका व्यक्तिका संस्था, सञ्चारमाध्यम, सेवा प्रदायक निकाय, निजी क्षेत्र र नागरिक समाजलाई छुट्टाछुट्टै सिफारिस गरिएको छ ।

काठमाडौ घोषणापत्र सबैका लागि पहुँच हुनेगरी महासङ्घको आधिकारिक वेबसाइट www.nfdn.org.np मा समेत राखिएको छ ।

# अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय मानव अधिकार महाभेलाद्वारा जारी संयुक्त काठमाडौँ घोषणापत्र – २०१६

**१२ डिसेम्बर, २०१६**

- अपाङ्गता एउटा अवस्था हो, जुन विभिन्न भौतिक, सामाजिक, सञ्चारसम्बन्धी, संस्थागत र दृष्टिकोणजन्य अवरोधहरूका कारणले उत्पन्न हुन्छ र यस अवस्थालाई परिवर्तन गर्न सकिन्छ भन्ने अपाङ्गताको नवीनतम धारणामा विश्वास गर्दै,
- नेपालमा अपाङ्गताको अवस्थामा बाँचिरहेका व्यक्तिहरू सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक सबै दृष्टिकोणबाट पछाडि पारिएका, विभेद र उपेक्षाको शिकार भएका र विभिन्न प्रकारका अवरोधहरूका कारण उच्च जोखिममा रहेका छन् र यस समुदायलाई समावेशी



विकासको मूलधारमा ल्याउनु अत्यावश्यक छ भन्ने यथार्थलाई स्वीकार्दै,

- नेपाल पक्षराष्ट्र रहेका सबै मानव अधिकारसम्बन्धी घोषणापत्र, सन्धि, अभिसन्धि वा महासन्धिहरूले सुनिश्चित गरेका अधिकारहरू अपाङ्गता भएका व्यक्तिहरूको हकमा समेत समानरूपमा लागू हुन्छन् भन्ने कुरामा पूर्ण सहमत हुँदै,
- अपाङ्गता भएका व्यक्तिहरूक अधिकारसम्बन्धी महासन्धिले सुनिश्चित गरेका अपाङ्गता भएका व्यक्तिका मानव अधिकारहरूको पूर्ण कार्यान्वयनमा आ-आफ्नातर्फबाट पूर्ण प्रतिबद्धता जाहेर गर्दै,
- नेपाल सरकार प्रतिबद्ध रहेको एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूका लागि क्षेत्रीय रणनीति इन्च्योन रणनीति २०१३-२०२२ को कार्यान्वयनको अपरिहार्यतालाई स्वीकार्दै,
- नेपालको संविधान (२०७२) ले स्थापित गरेका अपाङ्गता भएका व्यक्तिका अधिकारहरूको कार्यान्वयनका लागि पूर्ण प्रतिबद्ध रहँदै,
- नेपालका अन्य नीति, कानुन, नियम, निर्देशिका आदिले सुनिश्चित गरेका अपाङ्गता भएका व्यक्तिहरूका सेवा–सुविधा र अवसरहरूसम्बन्धी प्रावधानहरूको प्रभावकारी कार्यान्वयनको आवश्यकतामा विशेष जोड दिँदै,
- अपाङ्गता एउटा मानव विविधता हो र विपद् जोखिम न्यूनीकरणका सबै पक्षहरूमा अपाङ्गता भएका व्यक्तिहरूका फरक फरक आवश्यकता हुन्छन् भन्ने कुरालाई आत्मसात गर्दै अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा ११ ले व्यवस्था गरे अनुसार आपतकालीन अवस्था र विपद्का बेलामा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा तथा संरक्षणलाई सुनिश्चित गर्दै तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी सेन्डाई कार्यढाँचा २०१५–२०३०, दिगो विकासका लक्ष्यहरू, इन्चोन रणनीति (लक्ष्य ७), दिल्ली घोषणा २०१६ र सेन्डाई कार्यढाँचा कार्यान्वयनप्रति प्रतिबद्ध हुँदै,

यस अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय मानव अधिकार महाभेलामा सहभागी सम्पूर्ण सरकारी तथा गैर सरकारी क्षेत्रका प्रतिनिधि, विकास निकाय, अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधि, अन्तर्राष्ट्रिय गैर सरकारी निकायका प्रतिनिधि, पत्रकार, बुद्धिजीवीलगायत हामी सबै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, प्रवर्द्धन र स्थापनाका लागि आ-आफ्नातर्फबाट देहायबमोजिम गर्ने प्रतिबद्धतासमेत जाहेर गर्दै सम्बन्धित सबै सरोकारवालाहरूमा सिफारिस गर्दछौँ ।

## १. नेपाल सरकारका लागि सिफारिस

१.१. गैर सरकारी निकाय र निजी क्षेत्रसँग समेत साझेदारी, सहकार्य र समन्वय गरी अपाङ्गतासम्बन्धी प्रभावकारी राष्ट्रिय सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना गर्नुपर्ने ।

१.२. स्थानीय निकायमार्फत अपाङ्गता भएका व्यक्तिहरूका लागि लक्षित समूहको कार्यक्रम अन्तर्गतको बजेटको परिचालनमा हुनेगरेको अनियमितता, विभेद र अन्योलपूर्ण बजेट बाँडफाँटको अभ्यासलाई खारेज गरेर स्पष्ट कार्यविधिमार्फत अपाङ्गता क्षेत्रको लक्षित समूह कार्यक्रमको बजेटको प्रतिशत स्पष्टरूपमा तोकिनुपर्ने र स्थानीय योजना निर्माण प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी गराउने अनिवार्य व्यवस्था गर्नु पर्ने ।

१.३. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विधेयक– २०७२ र अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना अविलम्ब पारित गरी कार्यान्वयन गर्नु पर्ने ।

१.४. अपाङ्गता भएका व्यक्तिहरूक लागि भौतिक संरचना तथा सञ्चार सेवामा पहुँचसम्बन्धी निर्देशिका– २०६९ को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।

१.५. समुदायमा आधारित पुनर्स्थापना सेवालाई प्रभावकारी बनाउन छुट्टै निर्देशिका तयार गर्नु पर्ने, यसका लागि बजेटमा पर्याप्त वृद्धि गर्नु पर्ने।

१.६. समावेशी शिक्षालाई व्यवहारमा सुनिश्चित हुनेगरी व्यक्तिका फरक फरक सिकाइ आवश्यकता (learning needs) लाई सम्बोधन गर्न उपयुक्त मानव स्रोत विकासलगायत शिक्षण सिकाइ पद्धति, परीक्षा प्रणाली, पाठ्यक्रम, मूल्याङ्कन पद्धति र शैक्षिक सामग्रीमा आवश्यक सुधार ल्याउनेगरी योजना, कार्यक्रम र बजेट व्यवस्था गर्नु पर्ने ।

१.७. समावेशी शिक्षामा सिकाइ प्रक्रियालाई समावेशी बनाउने अपाङ्गता भएका विद्यार्थीहरूको आवश्यकता अनुसार साङ्केतिक भाषा, ब्रेललिपि, अडियो भिजुअल, स्पर्श संकेत, चित्रहरूको प्रयोग आदि जस्ता माध्यमको प्रभावकारी प्रयोग र सांकेतिक भाषाका विभिन्न सामग्री र अडियो बुकहरूको उत्पादनलाई थप प्रवर्द्धन गर्नु पर्ने ।

१.८. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण अति अशक्त अपाङ्गता भएका बालबालिका, बौद्धिक अपाङ्गता भएका बालबालिका, अटिज्म प्रभावित बालबालिका र विभिन्न सिकाइसम्बन्धी अपाङ्गता भएका बालबालिका सुरक्षित तथा पहुँचयुक्त भएको सुनिश्चित गर्नु पर्ने ।

१.९. दिगो विकास लक्ष्य अनुसार केन्द्रीय तथा जिल्लास्तरमा अपाङ्गताको तथ्याङ्क सङ्कलनको कामलाई सुधार गर्न कार्यगत सिमितताको अवधारणाबमोजिम प्रभावकारी तथा स्तरीय मापदण्डलाई स्थापित गराउन वाशिङ्गटन समूहको प्रश्नावली जस्ता औजारहरूलाई राष्ट्रिय जनगणनामा प्रयोगमा ल्याउने । केन्द्रीय तथ्याङ्क विभागले विपद् व्यवस्थापनका निकायहरू र अन्य अन्तरसम्बन्धित बहुपक्षीय अन्तर्राष्ट्रिय तथा राष्ट्रिय निकायहरूसँग संकलित तथ्याङ्क आदानप्रदान गर्ने सुनिश्चित गर्ने ।

१.१०. स्वदेशमै सहायक सामग्रीको उत्पादनलगायत सहयोगी सेवालाई प्रवर्द्धन गर्नु पर्ने र यस्ता सेवाको न्यूनतम मापदण्ड निर्धारण गर्नु पर्ने । बहिरा व्यक्तिहरूको सञ्चारलाई सहज बनाउन सरकारी कार्यालय र अस्पताल जस्ता महत्वपूर्ण स्थानमा दोभाषेको व्यवस्था गर्नु पर्ने ।

१.११. पूर्ण अशक्त अपाङ्ता भएका व्यक्तिको जीवनयापनका लागि आवश्यक पर्याप्त सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्ने र उनीहरूमाथि परिवारभित्र हुने विभेद र उपेक्षाबाट मुक्त राख्न विशेष कदम चाल्ने ।

१.१२. शिक्षा, स्वास्थ्य सेवा, रोजगारी, तालिम जस्ता अवसरहरूमा अशक्तताको गम्भीरता र गरिवीको अवस्था समेतलाई ध्यान दिई प्राथमिकताको आधारमा सबै प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त अनुकुलता सहितको पर्याप्त वातावरण प्रदान गर्नुपर्ने।

१.१३. सबैका लागि सुरक्षित र पहुँचयुक्त यातायात सेवालाई देशभरी प्रवर्द्धन गर्ने प्रभावकारी नीति ल्याई कार्यान्वयन गर्ने र सार्वजनिक यातायात भाडामा दिईएको छूटलाई देशव्यापीरूपमा समानरूपले कार्यान्वयन गराउन आवश्यक कदम चाल्नुपर्ने ।

१.१४. निरन्तर औषधी सेवन गर्नुपर्ने र नियमित स्वस्थ्योपचार र परामर्श सेवा आवश्यक

पर्ने अपाङ्गता भएका व्यक्तिहरू, जस्तै हेमोफिलिया प्रभावित व्यक्ति, मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, बहु अपाङ्गता, मेरूदण्ड पक्षाघातलगायत अन्य अति अशक्त र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि निःशुल्करूपमा औषधी–उपचार र परामर्श सेवा उपलब्ध गराउनु पर्ने ।

१.१५. अपाङ्गता परिचयपत्रको भइरहेको दुरूपयोग रोक्न आवश्यक कानुनी प्रावधानहरू निर्माण गर्ने र दुरूपयोग गर्नेहरूलाई कानुनी दायरामा ल्याउनुपर्ने।अपाङ्गताको परिभाषा र वर्गीकरण तथा परिचयपत्र वितरण निर्देशिकाहरूमा रहेका अस्पष्टता र अन्योलहरूलाई हटाउनु पर्ने । कतिपय परिभाषामा समेट्न नसकिएका अपाङ्गतालाई समेट्नु पर्ने।

१.१६. अपाङ्गता भएका महिला तथा युवाको प्रजनन् स्वास्थ्यको अधिकारलाई सुनिश्चित गर्ने ।

१.१७. अपाङ्गता भएका महिलाविरूद्ध हुने सबै प्रकृतिका हिंसालाई शून्य सहनशीलताका आधारमा अन्त्य गर्न र यस्ता हिंसाबाट प्रभावित महिलालाई चाँडोभन्दा चाँडो न्यायमा पहुँच पुर्‍याउन जिल्लास्तरमा पर्याप्त सेवा, सुविधा र विशेष व्यवस्थाहरू गर्नु पर्ने र उनीहरूलाई आवश्यक संरक्षण र मनोपरामर्श सेवा उपलब्ध गराउनु पर्ने ।

१.१८. नेपालको संविधानले सुनिश्चित गरेका अपाङ्गता भएका व्यक्तिका राजनीतिक अधिकारहरूलाई नयाँ बन्ने निर्वाचन कानुनमा सुनिश्चित गरी उनीहरूको सङ्घीयसभा, प्रादेशिकसभा, राष्ट्रियसभा, समावेशी आयोग, स्थानीय निकायलगायत राज्यका अन्य विभिन्न संयन्त्रमा अन्यसरह समावेशी सिद्धान्तका आधारमा सहभागी र प्रतिनिधित्व हुनपाउने गरी सुनिश्चित गर्ने । सबै अपाङ्गता भएका व्यक्तिहरूको मतदानमा भाग लिन पाउने अधिकारलाई सुनिश्चित गर्ने र मतदानमा भाग लिनबाट वञ्चित गराउने सबै प्रकारका अवरोधहरूको अन्त्य गराउने ।

१.१९. निजी क्षेत्रको र सरकारी क्षेत्रको श्रम बजारमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच सुनिश्चित गर्न आवश्यक नीति र कार्यक्रमहरू लागू गर्नु पर्ने र अपाङ्गता भएका अस्थायी शिक्षक तथा कर्मचारीहरूलाई स्थायी सेवामा समावेश हुनपाउने वातावरण तयार गर्नु पर्ने ।

१.२०. अपाङ्गता भएका व्यक्तिहरूको स्वरोजगारीलाई प्रवर्द्धन गर्न स्वरोजगारमूलक तालिम, विउपुँजी वितरण, सहकारी प्रवर्द्धन, बचत तथा ऋण कार्यक्रम र सुलभ ब्याजदरमा ऋण उपलब्ध गराउने र बजार प्रवर्द्धनका काम गर्नु पर्ने ।

१.२१. अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा प्रभाव पार्ने कुनै पनि प्रकारका निर्णय गर्ने प्रक्रियाहरूमा वा कार्यक्रम तथा योजना निर्माणलगायत अनुगमन तथा मूल्याङ्कनमा अपाङ्गता भएका व्यक्ति वा तिनका प्रतिनिधिहरूको प्रतिनिधित्वलाई संस्थागत गर्ने।

१.२२. साङ्केतिक भाषा, ब्रेललिपि, अडियो बुक, डेजी प्रविधि, ओसीआर, स्क्रिनिङ, रिडिङ सफ्टवेयर, ट्याकटाइल साङ्केतिक भाषा, स्पिच इन्टरप्रेटर, पहुँचयुक्त वेवसाइटहरू जस्ता अपाङ्गता भएका व्यक्तिहरूको सञ्चारलाई सहयोग गर्ने प्रविधि र माध्यमहरूलाई प्रवर्द्धन र विकास गर्ने ।

१.२३. योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलगायत विपद् जोखिम न्यूनीकरणका सबै प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागितामार्फत समावेशी जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यसम्बन्धी

सबै स्थानीय तहदेखि केन्द्रीय तहसम्मका सबै क्रियाकलापमा समाजका सबै र समावेशी अवधारणालाई सुनिश्चित गर्नु पर्ने । पुनर्निर्माण र नवनिर्माणमा सर्वमान्य ढाँचा (universal design) को सिद्धान्तलाई अवलम्बन गर्ने ।

१.२४. विपद् जोखिमसम्बन्धी सबै नीति, रणनीति, मार्गदर्शन तथा कार्ययोजना (जस्तैः विपद् जोखिम व्यावस्थापनसम्बन्धी राष्ट्रिय रणनीति, राष्ट्रिय कार्ययोजना, राष्ट्रिय विपद् प्रतिकार्य योजना, जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी जिल्ला योजना, विपद्पछिको पुनर्निर्माण कार्यढाँचा, विपद् मूलप्रवाहीकरण मार्गदर्शन)) हरूको निर्णय निर्माण गर्ने तहमा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने । विपद् जोखिमसम्बन्धी सबै नीति, रणनीति, तथा कार्ययोजना (जस्तैः अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना)) हरूमा महासन्धिको धारा ११ ले व्यवस्था गरे अनुसार अपाङ्गता भएका व्यक्तिहरूको विपद् र आपतकालीन अवस्थामा सुरक्षा तथा संरक्षणको सुनिश्चितता गर्ने ।

१.२५. विपद् जोखिम न्यूनीकरणसम्बन्धी जानकारी, सुरक्षासम्बन्धी समाचार तथा पूर्वसूचना प्रणालीहरू विभिन्न कार्यगत सिमितता भएका व्यक्तिहरूलगायत सबै व्यक्तिहरूका लागि पहुँचयुक्त ढाँचामा उपलब्ध हुनेगरी सुनिश्चित गर्ने ।

१.२६. स्थानीय शासन संरचना तथा विपद् उद्धार समितिहरूमा अपाङ्गता भएका व्यक्तिहरू र तिनीहरूका संस्थाहरूको अर्थपूर्ण सहभागिता एवं प्रतिनिधित्व भएको सुनिश्चित गर्ने । स्वास्थ्य, खानेपानी, सरसफाइ, शिक्षालगायतका अन्य क्षेत्रहरूमा अपाङ्गता भएका व्यक्तिहरूका फरक फरक आवश्यकताहरू हुन्छन् भन्ने तथ्यलाई आत्मसात गरी मानवीय सहायतासम्बन्धी कार्यलाई उमेर तथा अपाङ्गता समावेशीकरण र स्फियरको न्यूनतम मापदण्डबमोजिम हुनेगरी समावेशी भएको सुनिश्चित गर्ने ।

१.२७. अपाङ्गता भएका व्यक्तिहरू समेत सबै व्यक्तिहरूको समान आर्थिक, सामाजिक, स्वास्थ्य तथा सांस्कृतिक प्रतिरोधी क्षमता हासिल हुनेगरी जोखिम तथा संकटासन्नताका खास कारणहरू सम्बोधन हुनेगरी विपद् जोखिम पूर्वतयारी तथा प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण कार्यहरू 'बिल्ड ब्याक बेटर' भन्ने सिद्धान्तका आधारमा सञ्चालन गर्न सुनिश्चित गर्ने ।

१.२८. विद्यालय, अस्पताल तथा भवनलगायतका नयाँ निर्माण गरिने भौतिक संरचनाहरू सर्वमान्य संरचना र बिल्ड ब्याक बेटर जस्ता सिद्धान्तहरू पालना गरी निर्माण गरिने सुनिश्चितता गर्ने ।

## २. विकास निकाय/दातृ निकाय

२.१. द्विपक्षीय र बहुपक्षीय विकास निकायहरूले आफ्ना नेपालको विकाससम्बन्धी नीति र रणनीति र अझ सीमान्तकृत समुदाय लक्षित विकास र उत्थानसम्बन्धी नीति र कार्यक्रमहरूमा अपाङ्गताका सवालहरूलाई समावेश गर्नु पर्ने र नेपालमा सरकारमार्फत, अन्य साझेदारमार्फत वा आफूले प्रत्यक्ष गर्ने सबै विकासका कामबाट अपाङ्गता भएका व्यक्तिहरू समानरूपमा लाभान्वित भएका छन् भन्ने सुनिश्चित गर्ने ।

२.२. नेपालमा काम गरिरहेका विकास निकायहरूले आफ्ना साझेदार, कर्मचारी र नीति निर्माताहरूलाई न्यूनतमरूपमा अपाङ्गताको अवधारणा, सी.आर.पी.डी. र

अपाङ्गतासम्बन्धी सवालमा अभिमुखीकरण र प्रशिक्षण दिनु पर्ने ।

२.३. विकास निकायहरूले आफ्ना विकासका कामहरूको अनुगमन तथा मूल्याङ्कनका लागि सूचना सङ्कलन गर्न तयार गरिएका प्रणाली तथा उपकरणहरूमा अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकृत तथ्याङ्कसमेत आउनेगरी तयार गर्ने र यस्ता अनुगमन तथा मूल्याङ्कनहरूमा अपाङ्गता भएका व्यक्तिहरू, उनीहरूका प्रतिनिधि संस्था वा त्यससम्बन्धी विज्ञहरूलाई सहभागी गराउने ।

२.४. अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण, क्षमता विकास, आर्थिक सशक्तीकरण, शैक्षिक विकास, सहायक सामग्री, तालिम, सहयोगी सेवा, पहुँचयुक्त प्रविधिको प्रवर्द्धन, स्वरोजगारी तथा बजार प्रवर्द्धन, अपाङ्गता क्षेत्रमा काम गर्ने पेशागत सीप र क्षमता भएको मानवस्रोत विकास तथा परिचालन, प्रारम्भिक पहिचान र हस्तक्षेपको लागि प्राविधिक क्षमताको विकास, तथ्याङ्क र वैज्ञानिक सूचना प्रणालीको विकास, अपाङ्गता विषयमा अध्ययन तथा अनुसन्धान, पहुँचयुक्त भौतिक संरचनाको निर्माण तथा यस विषयमा सरोकारवालाको क्षमता विकास, अपाङ्गता सचेतीकरण, अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको क्षमता विकास तथा परिचालन जस्ता क्षेत्रमा लगानी गर्नु पर्ने र सरकारलाई पनि यस्ता क्षेत्रमा काम गर्न उत्प्रेरित गर्नु पर्ने ।

२.५. अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न बीमा कम्पनीहरूले गर्ने विभेद अन्त्य गर्न प्रभावकारी कदम चाल्नु पर्ने र बैङ्क खाता खोल्न र एटीएम उपयोग गर्न पाउने अधिकारबाट वञ्चित हुनेगरी बनाइएका विभदेपूर्ण नीतिहरू खारेज गर्न लगाई उपयुक्त नीति निर्धारण गर्नु पर्ने ।

२.६. दृष्टिविहीन व्यक्ति वा प्रिन्ट डिस्याविलिटी भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि मेराकस ट्रीटीलाई नेपालमा अनुमोदन गराउन आवश्यक पहल गर्नु पर्ने ।

२.७. दाता समुदायको सहयोगमा सञ्चालित सबै मानवीय तथा विकास कार्यक्रमहरू समावेशी एवं जोखिमका बारेमा सचेत भएको सुनिश्चितता गर्ने । साथै, विपद् जोखिम न्यूनीकरणसम्बन्धी योजना तथा कार्यक्रमहरू निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैभन्दा जोखिममा रहेका समूहहरूलाई प्राथमिकता दिन सुनिश्चित गर्ने ।

## ३. राष्ट्रसङ्घीय निकाय

३.१. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको कार्यान्वयनका लागि आवश्यक वातावरण निर्माण गर्ने, उक्त महासन्धिको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने, महासन्धिको कार्यान्वयनका लागि सरकार र सरोकारवालाहरूको क्षमता विकास गर्ने ।

३.२. राष्ट्र सङ्घीय निकायहरूमा काम गर्ने कर्मचारी र यसका साझेदार निकायमा अपाङ्गताको अधिकारमुखी अवधारणा र अपाङ्गता अधिकारसम्बन्धी महासन्धिका बारेमा अभिमुखीकरण गर्नु पर्ने ।

३.३. अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको क्षमता विकास र परिचालनमा लगानी गर्नु पर्ने र अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्व र प्रतिनिधित्व गर्ने क्षमता विकासमा सहयोग पुर्याउनु पर्ने ।

३.४. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको कार्यान्वयनका लागि सरकारमा दवाव सिर्जना गर्ने, सरकारी

निकायहरूलाई तयार गर्ने र उनीहरूको क्षमता विकासका लागि सहयोग गर्नु पर्ने ।

३.५. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धिको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन गरी सरकारलाई सुझाव तथा सिफारिसहरू दिने ।

३.६. राष्ट्रसङ्घीय निकायहरूको सहयोगमा सरकार वा अन्य कुनै पनि साझेदारमार्फत सञ्चालन हुने कुनै पनि विकासका कार्यले अपाङ्गता भएका व्यक्तिहरूलाई समेटेको र यसबाट उनीहरू समानरूपमा लाभान्वित भएको सुनिश्चित गर्नुपर्ने ।

३.७. अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणका लागि क्षेत्रगत संलग्नता तथा योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई थप प्रवर्द्धन गर्न समुदायदेखि क्षेत्रीय तहसम्म सरकार तथा अन्य मूलप्रवाहीकरणका लागि काम गर्ने निकायहरूलाई प्राविधिक सहायता उपलब्ध गराउने ।

३.८. विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित नीति तथा अभ्यास निर्माणलगायत संयुक्त राष्ट्रसङ्घको सहयोगमा सञ्चालित मानवीय तथा विकास कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरू र तिनीहरूका प्रतिनिधि संस्थाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

३.९. वासिङ्टन समूह प्रश्नावली जस्ता कार्यगत अवधारणा र औजारहरूको प्रयोग गरी राष्ट्रिय तथा जिल्ला तहमा अपाङ्गतासम्बन्धी तथ्याङ्क सङ्कलनका लागि प्रभावकारी र स्तरीय संयन्त्रको स्थापनामा सहयोग गर्ने । साथै, अपाङ्गताको विविधता अनुसारको तथ्याङ्क तथा अपाङ्गता र विपद् जोखिमबीचको सम्बन्धलगायतका विषयमा अनुसन्धान गरी अनुसन्धानबाट प्राप्त विषयवस्तु तथा सिकाइहरूको क्षेत्रगत आदानप्रदान गर्ने । (जस्तैः नेपालमा भूकम्पले अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापनमा पारेको प्रभावसम्बन्धी अध्ययन ।)

## ४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकाय

४.१. नेपालमा शिक्षा, स्वास्थ्य, रोजगारी प्रवर्द्धन, स्वरोजगारी प्रवर्द्धन, भौतिक निर्माण, क्षमता विकास, नेतृत्व विकास, जनचेतना, सूचना प्रविधि आदि जुनसुकै क्षेत्रमा लगानी गर्ने कुनै पनि अन्तर्राष्ट्रिय गैर सरकारी निकायले आफूले सहयोग र सहकार्य गरेका विकास कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्तित गर्ने र लाभान्वित समूहको तथ्याङ्क र सूचनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकृत तथ्याङ्क राख्ने ।

४.२. हरेक जातजाति, आर्थिक अवस्था, लिङ्ग, रङ्ग, वर्ण र भूगोलका मानिसमा अपाङ्गता भएका व्यक्तिहरू पनि हुन्छन् भन्ने यथार्थलाई बुझेर सबै अन्तर्राष्ट्रिय गैर सरकारी निकायले सिमान्तकृत वर्गका लागि काम गर्दा अपाङ्गता भएका व्यक्तिहरू पनि त्यसमा समावेश गरिएका छन् भन्ने सुनिश्चित गर्ने ।

४.३. सबै अन्तर्राष्ट्रिय गैर सरकारी निकायले आफ्नो संयन्त्रभित्र काम गर्ने सबै कर्मचारीलाई अपाङ्गताको नवीनतम अवधारणा, सीआरपीडी, नेपालले अबलम्बन गरेको परिभाषा र वर्गीकरण र नेपालमा विद्यमान नीतिगत र कानुनी व्यवस्थाहरू र उपलब्ध सेवा र सुविधाहरूका वारेमा पर्याप्त अभिमुखीकरण गराउनुपर्ने ।

४.४. अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका

सवालहरूमा लक्षित कार्यक्रमहरू गर्दा अपाङ्गता भएका व्यक्तिका संस्था, अपाङ्गता क्षेत्रमा विज्ञता हासिल गरेका संस्था र सेवामुखी कामहरूमा विज्ञता हासिल गरेका संस्थाहरूसँग सहकार्य र साझेदारी गर्ने ।

४.५. अपाङ्गता क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले राज्यका अपाङ्गतासम्बन्धी नीति र कार्यक्रमहरू कार्यान्वयन गर्न लगानी गर्ने र यसका लागि अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको क्षमता विकास, सहभागिता र परिचालनमा जोड दिनुपर्ने ।

४.६. अपाङ्गता अधिकारसम्बन्धी जनचेतना, सरकारी संरचना र संयन्त्रहरूलाई अपाङ्गताको सवालमा काम गर्नसक्ने बनाउन क्षमता विकास, अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको क्षमता विकास, आधुनिक सहायक सामग्री उत्पादन, प्रवर्द्धन तथा वितरण, अपाङ्गता पहिचान, प्रारम्भिक हस्तक्षेप तथा पुनर्स्थापना आदिका लागि प्राविधिक क्षमताको विकास, अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारी तथा स्वरोजगारी, समावेशी शिक्षा, पहुँचयुक्त वातावरण निर्माण जस्ता क्षेत्रमा लगानी बढाउनुपर्ने ।

४.७. विपद् जोखिम न्यूनीकरणका सबै चरणहरूमा अपाङ्गता भएका व्यक्तिहरू र तिनीहरूका प्रतिनिधि संस्थाहरूको अर्थपूर्ण योगदान सुनिश्चित गर्न उनीहरूको क्षमता अभिवृद्धि गर्ने र समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रममा महिला, बालबालिका, युवा तथा ज्येष्ठ नागरिकलगायत अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

४.८. स्थानीय तहमा समावेशी सामुदायिक जोखिम मूल्याङ्कन र विपद् जोखिम न्यूनीकरणसम्बन्धी योजना निर्माण गर्ने, जसमा वासिङ्टन समूह प्रश्नावलीलगायतका तथ्याङ्क सङ्कलन गर्ने उपकरणहरूको प्रयोगसमेत पर्दछन्। (जस्तैः सामुदायिक जोखिम सम्भाव्यता तथा क्षमता मूल्याङ्कन)

४.९. विपद् जोखिम न्यूनीकरणसम्बन्धी जानकारी, अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चार तथा सेवाहरू (जस्तैः समावेशी र पहुँचयुक्त पूर्वसूचना प्रणाली, विपद्को बेलामा सुरक्षित स्थानमा सार्ने समावेशी योजना तथा विपद् पूर्वतयारीका अभ्यासहरू) आदिको पहुँचमा सुधारका लागि सहयोग गर्ने ।

४.१०. अपाङ्गता भएका सहजकर्ताहरू तथा प्रशिक्षकहरू, विपद्को बेलामा सबैभन्दा पहिला सहयोग पुर्‍याउने व्यक्तिहरूलगायत अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा काम गर्ने व्यक्तिहरूको सूची तयार गर्न सहयोग पुर्‍याउने ।

४.११. विपद् जोखिम न्यूनीकरणमा पहुँचयुक्त भौतिक संरचना, सञ्चार तथा सेवाहरूलाई सबैको सहभागिता तथा न्यून जोखिम भएको सुनिश्चित गर्नका लागि सर्वमान्य संरचना र सहयोगी प्रविधिको प्रवर्द्धन गर्ने ।

४.१२. प्रभावकारी प्रतिकार्य तथा पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा बिल्ड ब्याक बेटरको सिद्धान्त अवलम्बन गर्न अपाङ्गता समावेशी विपद् जोखिमसम्बन्धी पूर्वतयारीलाई प्रवर्द्धन गर्ने ।

## ५. निजी क्षेत्र

५.१. अपाङ्गता भएका व्यक्तिहरू श्रमबजारका नयाँ शक्ति हुन् र अन्यसरह बजारका समान हैसियत राख्ने सक्षम ग्राहक पनि हुन् भन्ने मान्यतामा विश्वास गर्दै पहुँचयुक्त कार्यस्थल,

पहुँचयुक्त बजार, पहुँचयुक्त किनमेल केन्द्र, पहुँचयुक्त सूचना प्रविधि, पहुँचयुक्त सडक तथा यातायात सेवा र पहुँचयुक्त वस्तु तथा सेवाको उत्पादन र बिक्रीमा जोड दिनुपर्ने ।

५.२. निजी क्षेत्रको लगानीमा हुने कुनै पनि विकासका काममा वा सार्वजनिक प्रयोजनका लागि गरिने भौतिक निर्माणहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पनि समान पहुँच छ भन्ने कुरा सुनिश्चित गर्ने ।

५.३. पर्यटनको प्रचुर सम्भावना भएको नेपालमा पहुँचयुक्त पर्यटनलाई प्रवर्द्धन गर्दै सबै पर्यटकीयस्थलहरूलाई पहुँचयुक्त बनाउने र सांस्कृतिक विश्वसम्पदाहरूमा न्यूनतमरूपमा पनि विश्वव्यापी पहुँच स्थापना गर्नुपर्ने ।

५.४. निजी क्षेत्रबाट सञ्चालित यातायात सेवाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच सुनिश्चित गर्न यातायात सेवालाई सबैका लागि पहुँचयुक्त बनाउन जिम्मेवार हुनुपर्ने ।

५.४. निजी क्षेत्रबाट प्रदान गरिने सबै किसिमका सेवा–सुविधा र कार्यक्रमहरू समावेशी र जोखिमका बारेमा सचेत भई प्रवाह गरिएको वा सञ्चालन भएको सुनिश्चत गर्ने ।

## ६. सञ्चार माध्यम र पत्रकार

६.१. अपाङ्गता भएका व्यक्तिका मानव अधिकारका सवालहरूलाई उजागर गर्ने र अपाङ्गतालाई दया र उपकारको दृष्टिकोणबाट हेर्ने परम्परागत अवधारणालाई सञ्चार माध्यमहरूमा निरूत्साहित गर्ने ।

६.२. सञ्चार माध्यमका कर्मचारी र पत्रकारलाई अपाङ्गतको सवालमा अभिमुखीकरण गराउने र सामाजिक सवालहरूको रिपोर्टिङ गर्दा अपाङ्गताका सवालहरूलाई पनि प्राथमिकतामा राख्नुपर्ने ।

६.३. अपाङ्गता अधिकारसम्बन्धी लेख रचना, फिचर आदिलाई प्राथमिकता दिने र अपाङ्गता भएका व्यक्ति र अपाङ्गताप्रतिको नकारात्मक सामाजिक छवी (Negative Social Image) लाई निरूत्साहित गर्ने ।

६.४. अपाङ्गताको अधिकारमुखी अवधारणालाई प्रवर्द्धन गर्ने र अपाङ्गता भनेको कमजोरी वा असक्षमता हो वा काम नलाग्ने कुरा हो भन्ने जस्ता अर्थ बुझाउने वा सङ्केत गर्ने शब्दावली, साहित्य, वाक्यांश र आसयहरूलाई आम सञ्चारमा प्रवेश नदिने ।

६.५. विपद् जोखिम न्यूनीकरण र सुरक्षासम्बन्धी जानकारी, शिक्षा तथा सचेतना जगाउने कार्यमा सञ्चार माध्यमको भूमिका वृद्धि गर्ने । साथै, त्यस्ता जानकारीहरूमा अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैका लागि समान पहुँच भएको सुनिश्चित गर्ने ।

## ७. अपाङ्गता भएका व्यक्तिका संस्था

७.१. अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी विषयमा समुदायमा जनचेतना अभिवृद्धि गर्ने र राज्यले उपलब्ध गराएका नियम, कानुन, नीति र कार्यक्रमहरूका बारेमा अपाङ्गता भएका व्यक्ति र स्थानीय सरोकारवालाहरूलाई सुसूचित गर्नुपर्ने ।

७.२. अपाङ्गता भएका व्यक्तिहरूका अवस्था, समस्या र अवरोधहरूका वारेमा स्थानीयस्तरमा सूचना, तथ्याङ्क र घटना अध्ययन र प्रमाणहरू सङ्कलन गर्ने र सङ्कलित सूचना तथा प्रमाणहरूका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा–सुविधा र अवसरहरूमा पहुँच पुर्याउन पैरवी गर्नुपर्ने ।

७.३. अपाङ्गता अधिकारका बारेमा स्थानीय सरोकारवाला निकायहरूलाई सचेतीकरण गर्ने र अपाङ्गता भएका व्यक्तिहरूका

सेवा–सुविधा र प्राथमिकताप्रति संवेदनशील र जिम्मेवार हुन सहजीकरण गर्ने ।

७.४. स्थानीयस्तरमा विभिन्न सेवा–सुविधा, आर्थिक सामाजिक तथा सांस्कृतिक सशक्तीकरण जस्ता कार्यक्रमहरूमा अपाङ्गताको मुलप्रवाहीकरणका लागि पैरवी गर्ने ।

७.५. अपाङ्गता अधिकारका लागि स्थानीयस्तरमा आवाजलाई बुलन्द बनाउन विभिन्न स्थानीय सङ्घ संस्था, निजी क्षेत्र, सञ्चार माध्यम आदिसँग सञ्जाल र सहकार्य विकास गर्नुपर्ने ।

७.६. अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो अधिकारका बारेमा बोल्नसक्ने बनाउन र अन्य विभिन्न क्षेत्रमा उनीहरूको क्षमता विकास गर्न क्षमता विकासका कार्यक्रमहरू गर्नुपर्ने ।

७.७. विद्यमान वा उपलब्ध सेवा–सुविधा अपाङ्गता भएका व्यक्तिहरूसम्म पुर्याउन सरकारलगायत अन्य सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्नुपर्ने ।

७.८. स्थानीय अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सुनिश्चित गर्न र उनीहरूको जीवनमा सकारात्मक परिवर्तन आउनेगरी विभिन्न काम गर्नुपर्ने ।

७.९. अपाङ्गतासम्बन्धी नीतिका बारेमा हुने पैरवी, विकास र यसका अभ्यासहरूमा विपद् तथा आपतकालीन अवस्थामा (सीआरपीडी धारा ११) अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा तथा संरक्षण सुनिश्चित गरिनुपर्ने प्रावधान र सवालहरू सम्बोधन भएको सुनिश्चित गर्ने ।

७.१०. प्रभावकारी पैरवी तथा साझेदारीका साथै विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित संयन्त्रहरूमा स्थानीयदेखि राष्ट्रियतहसम्म अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता एवं प्रतिनिधित्वका लागि समावेशी विपद् जोखिम न्यूनीकरणसम्बन्धी आन्तरिक मानव संसाधन विकासमा जोड दिने ।

## ८. सेवा प्रदायक संस्था

८.१. अपाङ्गता भएका व्यक्तिहरूलाई दयाको आधारमा नभई अधिकारको आधारमा पुनर्स्थापना सेवा, सहायक सामग्री, उपचार, अभ्यस्तता तालिम, परामर्श सेवालगायत अन्य आवश्यक विशिष्ट सेवाहरू उपलब्ध गराउनुपर्ने ।

८.२. अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकता र छनोटलाई मध्यनजर राखी र व्यक्तिको निर्णय गर्न पाउने अधिकारलाई सम्मान गर्दै गुणस्तरीय सेवाहरू उपलब्ध गराउने ।

८.३. सेवा–सुविधाहरूलाई चाहिएको बेलामा उपलब्ध हुनेगरी शहरमाभन्दा ग्रामीण क्षेत्रमा केन्द्रित गर्ने ।

८.४. सेवाप्रदायक संस्थाहरूसँग रहेका सेवासम्बन्धी सीप, ज्ञान र अनुभवहरूलाई देशका विभिन्न ठाउँमा हस्तान्तरण गर्नुपर्ने र यस्ता सीपहरू सिक्ने र काम गर्ने अवसरहरू अपाङ्गता भएका व्यक्तिहरूलाई समेत दिनुपर्ने ।

## ९. नागरिक समाज

९.१. अपाङ्गता भएका व्यक्तिका आवाज र अधिकारहरूलाई विभिन्न मञ्चबाट उठान गर्नु पर्ने र नागरिक समाजका विभिन्न कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी गराउनु पर्ने ।

९.२. अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय नेतृत्व तथा मञ्चहरूको विकासमा जोड दिने ।




# अपाङ्गता भएका व्यक्तिहरूको २५ औँ अन्तर्राष्ट्रिय दिवस आयोजना

"हासिल गरौँ दिगो विकासका १७ लक्ष्य, सुनिश्चित गरौँ हामीले चाहेको भविष्य" भन्ने मूल अन्तर्राष्ट्रिय नाराका साथ विश्वभरि अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस ३ डिसेम्बरमा मनाउने प्रचलन रही आएको छ । यसै सन्दर्भमा नेपालमा पनि विभिन्न जनचेतनामूलक कार्यक्रमहरू गरी यो दिवस मनाइएको छ ।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको नेतृत्वमा गठन गरिएको अपाङ्गता दिवस मूल समारोह समितिको आयोजना तथा राष्ट्रिय अपाङ्ग महासङ्घको संयोजकत्वमा काठमाडौँमा बिहान ८:३० बजे भृकुटीमण्डपबाट वृहत र्‍याली आयोजना गरियो ।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका निमित्त सचिव शंकरप्रसाद पाठकले उद्घाटन गर्नुभएको र्‍यालीमा विभिन्न मन्त्रालयका प्रतिनिधि, अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधि, अपाङ्गता अधिकारकर्मी, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका साथै दातृ संस्थाका प्रतिनिधि, मानव अधिकारकर्मी, विद्यार्थी, शिक्षक, बुद्धिजिवी, समाजसेवी, पत्रकार, राजनीतिक दलका नेता, सांसद, अपाङ्गता भएका व्यक्तिहरू र सर्वसाधारण गरी दुई हजारभन्दा बढीको सहभागिता थियो ।

अपाङ्गता अधिकारसम्बन्धी विभिन्न नारा र नारा लेखिएका व्यानरका साथै प्लेकार्डसहित निस्किएको र्‍याली भृकुटीमण्डप, पद्मोदय मोड, पुतलिसडकहुँदै पुनः भृकुटीमण्डपमा पुगी मूल समारोहमा परिणत भएको थियो ।

मूल समारोहको अध्यक्षता राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष सुदर्शन सुवेदीले गर्नुभएको थियो भने प्रमुख अतिथिको रूपमा स्वास्थ्यमन्त्री गगनकुमार थापा हुनुहुन्थ्यो ।

कार्यक्रममा विशिष्ट अतिथिको रूपमा व्यवस्थापिका संसद् सदस्य उषा गुरूङ र कान्ता भट्टराई र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका निमित्त सचिव शंकरप्रसाद पाठक रहनुभएको थियो । यसैगरी, अतिथिहरूमा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू

ए.आई.एन. अपाङ्गता कार्य समूह, माइराइट्स, डी.पी.ओ.डी. डेनमार्क, एफ.एफ.ओ. नर्वे, सी.बी.एम., एन.एल.आर. र ए.एस.बी. का प्रतिनिधि, नेपाली काँग्रेस, नेकपा एमाले, एनेकपा माओवादी, राष्ट्रिय प्रजातन्त्र पार्टीका अपाङ्गताको सवाल हेर्ने भातृ संस्थाका प्रतिनिधि, केन्द्रीय बालकल्याण समितिका अध्यक्ष, अपाङ्गताका विभिन्न वर्गलाई प्रतिनिधित्व गर्ने वर्गीय संस्थाका प्रतिनिधिहरू रहनुभएको थियो ।

बहिरा व्यक्तिहरूको साङ्केतिक भाषामा समेत नेपालको राष्ट्रिय धुन बजाएर सुरू गरिएको कार्यक्रममा राष्ट्रपति विद्या भण्डारी, प्रधानमन्त्री पुष्पकमल दहाल (प्रचण्ड) र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव विष्ण प्रसादले अपाङ्गता भएका व्यक्तिहरूको २५ औँ अन्तर्राष्ट्रिय दिवसको अवसरमा दिनुभएको शुभकामना सन्देश महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका उपसचिवले पढेर सुनाउन भयो ।

कार्यक्रमको उद्घाटन प्रमुख अतिथि स्वास्थ्यमन्त्री गगन थापाले गर्नुभयो भने स्वागत मन्तव्य महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका उपसचिव भरतराज शर्माले गर्नुभयो । प्रमुख अतिथिको आसनबाट मन्त्री थापाले अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरूप्रति स्वास्थ्य मन्त्रालयको मुख्य जिम्मेवारी रहेको बताउँदै यस विषयमा परिणाममुखी कामहरू गर्न चाँडै नै तीन सदस्यीय विज्ञहरूको सुझाव समिति गठन गरी १५ दिनभित्रै तत्काल गर्नु पर्ने र दीर्घकालमा गर्नु पर्ने कामहरूलाई वर्गीकरण गरी काम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमममा माइराइट्स स्वीडेनका प्रतिनिधि हानेस जुलिन लाग्रेस लियसले नेपालमा अपाङ्गताको अधिकारमुखी आन्दोलन निकै अगाडि बढेको, नेपालको संविधान अपाङ्गताको परिप्रेक्षबाट निकै समावेशी भएको र सरकार र गैर सरकारी निकायहरूले सँगै मिलेर यसरी काम गरेको विश्वलाई नै उदाहरणीय भएको बताउँदै नेपालको अपाङ्गता अधिकार आन्दोलनको निकै प्रशंसा गर्नुभयो ।

अध्यक्षको आसनबाट राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष तथा मूल समारोहका अध्यक्ष सुदर्शन सुवेदीले शहरी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूका लागि केही सेवा–सुविधा उपलब्ध भएको जस्तो देखिए पनि गाउँ र दूरदराजमा अझै पनि अपाङ्गता भएका व्यक्तिहरूको अवस्था असाध्यै दयनीय रहेको कुरा हुँदा अबको दुई वर्ष राष्ट्रिय अपाङ्ग महासङ्घले आफ्नो पैरवी अभियानलाई गाउँ र जिल्ला केन्द्रित गरेर महा अभियानको रूपमा सञ्चालन गर्ने उद्घोष गर्नुभयो ।

राष्ट्रिय अपाङ्ग महासङ्घका महासचिव राजु बस्नेतले सञ्चालन गर्नुभएको मूल समारोहको समापनपछि अपाङ्गता भएका व्यक्तिका प्रतिभा प्रष्फुटन गराउन विविध सांस्कृतिक कार्यक्रम



आयोजना गरियो । सांस्कृतिक कार्यक्रममा होचा पुड्का, ह्वीचियर प्रयोगकर्ता कलाकारहरूले नृत्य प्रदर्शन गरे भने बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले वाद्यवादनको कार्यक्रम प्रस्तुत गरे ।

त्यसै दिन काठमाडौँबाहेक देशका विभिन्न जिल्लामा महिला, बालबालिका कार्यालय र स्थानीय अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको संयुक्त पहलमा विभिन्न जनचेतनामूलक कार्यक्रम गरिए । अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार प्रवर्द्धन गर्न, उनीहरूका अधिकारहरूका बारेमा जनमानसमा चेतना फैलाउन र उनीहरूको पहिचान, आत्मसम्मान र स्वाभिमानलाई विश्वभरि उठाउन सन् १९९२ देखि अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस मनाउन थालिएको हो ।

संयुक्त राष्ट्रसङ्घले सन् १९९२ मा डिसेम्बर ३ लाई अन्तर्राष्ट्रिय अपाङ्गता अधिकार दिवसको रूपमा घोषणा गरेपछि यो दिवस मनाउन थालिएको हो । हालसम्म विश्वभरि यस दिन विभिन्न कार्यक्रम गरी यो दिवस मनाइन्छ ।

विश्वभरि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धन गर्ने उद्‌देश्यले सन् १९७६ मा संयुक्त राष्ट्रसङ्घले सन्१९८१ लाई "पूर्ण सहभागिता र समता" भन्ने मूल नाराका साथ अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्षको रूपमा मनाउने घोषणा गर्‍यो ।

सन् १९८३ मा राष्ट्रसङ्घले अपाङ्गता भएका व्यक्तिहरूको अवसर समानीकरण, पुनर्स्थापना र रोकथाममा जोड दिँदै अपाङ्गतासम्बन्धी १० वर्षे विश्व कार्ययोजना पारित गरी लागू गर्‍यो र यसलाई विश्वभरि प्रभावकारीरूपमा कार्यान्वयन गराउन सन् १९८३ देखि १९९२ सम्मको अवधिलाई अन्तर्राष्ट्रिय अपाङ्गता दशकको रूपमा घोषणा गरियो । सन् १९९२ मा अपाङ्गतासम्बन्धी १० वर्षे विश्व कार्ययोजनाको कार्यान्वयन र उपलब्धिहरूको समीक्षा गर्दै त्यसै वर्षदेखि डिसेम्बर ३ लाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको रूपमा घोषणा गरी विश्वभरि मनाउन थालियो ।

हरेक वर्ष यो दिवस एउटा मूल अन्तर्राष्ट्रिय नारा (Theme of the year) का साथ मनाउने गरिन्छ । नेपालमा पनि सन् १९९३ देखि विभिन्न कार्यक्रम गर्दै यो दिवस हरेक वर्ष मनाउने गरिन्छ ।

संयुक्त राष्ट्रसङ्घले यस वर्षका लागि दिगो विकासका १७ वटा लक्षमा अपाङ्गताको सवालको समावेशीकरणलाई मुख्यरूपमा जोड दिँदै अन्तर्राष्ट्रिय




दिवसको नारा तय गरेको छ । यस वर्षको नारा अंग्रेजीमा "Achieving 17 goals for the future we want" रहेको छ भने यसलाई नेपालीमा "हासिल गरौँ दिगो विकासका १७ लक्ष्य, सुनिश्चित गरौँ हामीले चाहेको भविष्य" भन्ने अनुवाद गरिएको छ ।

समग्र विश्वको समतामूलक विकासका लागि संयुक्त राष्ट्रसङ्घले विभिन्न दीर्घकालीन कार्ययोजना र रणनीतिहरू लागू गर्दै आएको छ । यसैक्रममा सहस्राब्दी विकास लक्ष्यहरूको कार्यान्वयनपछि विश्वको दिगो विकासका लागि सन् २०१५ को सेप्टेम्बर २५ मा राष्ट्रसङ्घले सन् २०३० सम्ममा हासिल गर्न १७ वटा दिगो विकासका

लक्ष्यहरू तय गरेको छ ।

दिगो विकासका १७ वटा लक्ष्यमध्ये ५ वटा यस्ता छन्, जसमा अपाङ्गतालाई विशेषरूपमा सम्बोधन गरिएको छ । बाँकी १२ वटा लक्ष्यमा पनि अपाङ्गता भएका व्यक्तिका सवालहरूले निकै महत्व राख्दछन् ।

विश्वव्यापी विकासका विभिन्न लक्ष्यहरूमा अपाङ्गताका सवालहरूलाई प्रत्यक्षरूपमा सम्बोधन गरिएको यो सम्भवत: पहिलो पटक हो । यसरी हेर्दा दिगो विकासका १७ वटै लक्ष्यले अपाङ्गता भएका व्यक्तिहरूका विभिन्न सवालसँग प्रत्यक्ष वा परोक्षरूपमा सम्बन्ध राख्छन् ।

## सन् २०३० सम्ममा हासिल गरिने दिगो विकासका १७ वटा लक्ष्य यस्ता छन् :

लक्ष्य १ : संसारभरि सबै प्रकारका गरिबी अन्त्य गर्ने,

लक्ष्य २ : भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा हासिल गर्ने, पोषणमा सुधार गर्ने र दिगो कृषिलाई प्रवर्द्धन गर्ने,

लक्ष्य ३ : स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरमा सबैका लागि हितकर जीवन प्रवर्द्धन गर्ने

लक्ष्य ४ : समावेशी र समतामूलक गुणस्तरीय शिक्षा र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्ने,

लक्ष्य ५ : लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र किशोरीको सशक्तीकरण गर्ने,

लक्ष्य ६ : सबैका लागि पिउनेपानी तथा सरसफाइ र यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने,

लक्ष्य ७ : धान्नसक्ने, विश्वासिलो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने,

लक्ष्य ८ : सबैका लागि समावेशी, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने र उत्पादनमूलक रोजगारी र सम्मानपूर्ण कामलाई प्रवर्द्धन गर्ने ।

लक्ष्य ९ : बलियो पूर्वाधार निर्माण गर्ने, समावेशी र दिगो औद्योगीकरणलाई प्रवर्द्धन गर्ने र नवीनतम आविष्कारहरूलाई बढावा दिने,

लक्ष्य १० : देशभित्र र अन्य देशहरूसँगको असामानता न्यून गर्ने ।

लक्ष्य ११ : सहर र मानवबस्तीहरूलाई समावेशी, सुरक्षित, बलियो र दिगो बनाउने,

लक्ष्य १२ : दिगो उपभोग तथा उत्पादन ढाँचा सुनिश्चित गर्ने,

लक्ष्य १३ : जलवायु परिवर्तन र यसको असरसँग जुध्न तत्काल कदम चाल्ने,

लक्ष्य १४ : दिगो विकासका लागि सामुद्रिक स्रोतहरूको संरक्षण र दिगोरूपमा उपयोग गर्ने,

लक्ष्य १५ : स्थलीय पर्यावरण प्रणालीलाई संरक्षण, पुनर्प्राप्ति र प्रवर्द्धन गर्ने, वनजंगलको दिगोरूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरणसँग जुध्ने, जमिनको गुणस्तरमा भएको गिरावट रोक्ने, जैविक विविधतामा भइरहेको नोक्सानी रोक्ने,

लक्ष्य १६ : दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाज निर्माण गर्ने, सबैलाई न्यायमा पहुँच स्थापित गर्ने र सबै तहमा प्रभावकारी, जवावदेही र समावेशी संस्थाको निर्माण गर्ने,

लक्ष्य १७ : दिगो विकासका लागि कार्यान्वयनका साधनहरूलाई सबल गर्दै अन्तर्राष्ट्रिय साझेदारीलाई थप जोड दिने ।

# TREADING WITH TECHNOLOGY



■ Major Pawan Ghimire

*President*
*Cricket Association of the Blind, Nepal)*

Any disability including blindness is not that much severe as most people perceive. If his or her few of the psychological , physical , social and environmental requirements are being fulfilled, any Disabled persons can remain as happy and as productive as his normal peers. Out of the many of the requirements needed to bring activeness in Disabled person's life, technologies are also the one. Needless to say, technologies play eminent role in giving impetus to the motionless and enhance morale and motivation to lead life independently. Proper use of technologies not only escalate ones efficiency to perform his daily and professional assignment but can also ensure Disabled persons active participation in society and nation building process.

Nepal on 27thDecember, 2009has ratified United Nation's Convention on the Right of people with Disability "UNCRPD" which has been a holy book for all Disabled persons to claim their right in all sectors of life. The "UNCRPD's" article nine ensuring pwds accessibility, article nineteen pertaining to living independently, article 20 ensuring personal mobility and article 21 ensuring freedom of expression and access to information strongly focus in the proper use of technologies and assistive devices. Hence, technologies and assistive devices can aid people with disability mainly in four sectors such as communication, mobility , access to information and performing everyday works.

## Communication

The need of assistive devices and technologies may vary from one person to another as per the nature of their disability. The technologies that a deaf needs may not be compatible with the need of Blind or wheel chair users. Unlike other disabled persons it's a deaf and Deafblind who need technologies to establish communication with each other . Use of finger sign language and tactile sign language are the most simple form of technologies that Deaf and Deafblind persons use to establish communication with each other. Deaf also prefers to apply lips reading in addition to their widely accepted finger sign language. Tactile language a touch to touch form of language communication for the Deafblind persons are still in a developing stage in Nepal while there are many instances where Deafblind persons have acquired Phd degree in international level with the help of this tactile language. Vibrators and shapes of the objects also help Deafblind to understand the things effectively. Hence, this proves that technologies always don't need to be complex and physical materials, a simply designed or body gesture can also act as a technology to understand things better. Deaf of

modern world now uses mobile to send sms to communicate with other while people with hard of hearing needs to use hearing aid to listen and communicate . This right to communicate and express opinions are ensured under the article Twenty-one of "UNCRPD".

## Mobility technology

Mobility aids are devices designed to assist walking, otherwise improve the mobility of people with a mobility impairment.

There are various walking aids which can help with impaired ability to walk and wheelchairs or mobility scooters for more severe disability or longer journeys which would otherwise be undertaken on foot. Crutches and walkers are used by the persons with mild physical disability or amputees for the easy maneuver. For people who are blind or visually impaired the white cane has a long history of use while use of a guide dog for the mobility of visually impaired person is still not in practice in Nepal. Other aids like elevator, ramps and lifts can help with mobility or transfer within a building or where there are changes of level.

Traditionally the phrase "mobility aid" has applied mainly to low technology mechanical devices.] It refers to those devices whose use enables a freedom of movement similar to that of unassisted walking or standing up from a chair.

Technical advances can be expected to increase the scope of these devices considerably, for example by use of sensors and audio or tactile feedback. As ensured by the article twenty of "UNCRPD" about pwd's freedom of movement, it has been obligatory for the Government to make disabled friendly roads, tracks, buildings and many more infrastructures so as to make best use of the available mobility aids.

## Information technologies

The article Twenty-one of "UNCRPD" ensures persons with disability's right to information. This right to information of a Disabled person can only be ensured if there is any technology which can enhance his access to an information system. A blind needs a talking technology while person having problems in using fingers or loosing both hands may need screen touch or voice operating technologies. Out of the various technologies enhancing Disabled access to information computer and mobil are the one. Blind uses a screen reader software to escalate his access to computer . Using the various screen reader softwares like, Jaws, NVDA, Thunder, Supernova, speak synthesizer and narrator any blind can listen and work through all the icons appearing on the computer screen. With the help of these screen reading soft wares , it is easy to browse through e – mail, face book and web browsing. Out of these screen reader softwares NVDA and Obunto are free soft wares but others are to be paid to use while apple labtop and max computers have in-built screen reading softwares. Similarly, low vision persons having capacity to read larger fronts use magic software to increase the size of the object appearing on computer screen to read. Good to say, Nepalese blind and visually impaired computer users can have their access to Nepali front with the help of Nepali screen reading software named "Dristibachak" developed by low vision nepali engineer Mr. Him Prashad Gautam. Another add for the visually challenged is refreshable Braille display, which may be used as an alternative to screen reader. These devices convert screen text into Braille and display the Braille on a number of cells comprised of independently controlled pins. When editing and reviewing text, refreshable Braille displays can be much better to work with because a vision-impaired user can easily reread characters on the same line and check spelling. Screen readers are capable of reading words character by character, but the process of moving backwards in text to review and then moving forwards can be cumbersome. Despite their potential advantage, refreshable Braille displays are less common due to their higher cost.

In addition, a Braille embosser converts computer-generated text into embossed Braille output. Braille translation programs convert text scanned in or generated via standard word processing programs into Braille, which can be printed on the embosser. The results on thick paper are the individual dots that constitute Braille characters.

However, choice of appropriate hardware and software will depend on the user's level of functional vision. Another software called the “Natural reader “which can read and record the scanned pages of the book in natural human voice has brought a revolution among the blind students. The Digital Accessible Information System “Daisy” records and converts the recorded file in MP3 format is also popular among the blind students to listen to their course contents. Another electronic device called Braille memo has facilities to record and display the recorded text in Braille. The international World content accessible guidelines “WCAG” has also directed the screen reading software developers to keep the needs of disabled users in mind. As directed by this WCAG principle Deaf gets color beepor flash when he / she receives e –mail or alert color while chatting on computer. There are screen touch keyboards, sound operating computers and special mouse for the persons having problems to move fingers or loosing hands due to various reasons.

Use of Mobil in the modern world is growing faster and faster. It has been the inevitable parts of everybody’s life. Hence to increase the Disabled persons access to the use of Mobil, Nokia Mobil having symbium operating system have facilities in which different talking soft wares like” Talk” or “Mobil Speak” can be installed to make all the commands of the Mobil speak. Nokia 66 series, N –series, E5, c-5 and E-63 have such facilities. Apple’s I phone 4 has in-built voice over command, if activated can read the whole command of the Mobil applications. Most of the Nokia series do have voice operating system which facilitate to dial the phone with the help of human sound. The change in display color and vibration in a Mobil set helps deaf to find calls and SMS.

Most of the Blind persons do not know what colors of clothes they are wearing. This inquisitive has been slot out by an American company which has produced color recognizer for the blind. This mechanical device has a small lens which can read the numbers of colors that are present in a cloth. At present, this device only cost one hundred U.S dollar.

## Technology for everyday work

Because of the physical limitation blind and other disabled also need help of technology to perform their daily work. A wheelchair user needs a stand to use toilet, deaf needs color bip to identify someone outside the door and blind needs well fencing to protect themselves from unwanted mishaps. Deafblind along with well fenced balcony and stairs needs different shapes and sized in different locations to recognize where he is and what is the name of that object. For examples a coarse pavement may signal him the approach of kitchen and a hump may tell him the location of toilet. Pertaining to this example in a European country lift has audio system to tell the number of floors and Braille printed notice board in railway, bus, public toilets and in most of the public places. Unusual break down of the road and rotators with sound help any blind to cross the road.

## Conclusion

At present day world, whether it be for normal or Disabled, life cant be imagined without support of technologies. In order to over come challenges of life and to compete with the speedy world technologies play crucial role while the Disabled of the modern world are technological Disabled who need support of technology in every step of life to ensure his independency. It has also been felt imperative to develop various advance and improvised technology to respect any disabled right to life and ensure full and enjoyable participation of pwds within a society.

# नेपालमा समावेशी शिक्षाका चुनौती र अवसर



■ लिला पहाडी

## समावेशी शिक्षाका लागि भएका व्यवस्था

शिक्षा पउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । नेपालको संविधान (२०७२) को धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी त्यो अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदनसमेत गरिसकेको ।

सानो समाजको रूपमा हेरिने विद्यालयदेखि नै समावेसी शिक्षा विकासको अभ्यास गर्ने हो भने तिनै बालबालिकाले निर्माण गर्ने भविष्यको समाज पनि बृहदरूपमा समावेशी समाज बन्नसक्ने कुरामा विश्वास गर्न सकिन्छ ।

समावेशी शिक्षा भन्नाले विभिन्न भाषा-भषी, वर्ग, क्षेत्र र अपाङ्ता भएका बालबालिकाले हाँस्दै, खेल्दै घरनजिकैको विद्यालयमा जाने, समान आधारमा सबै बालबालिकासँगै सिक्न पाउने वातावरण सिर्जना गर्नु नै हो । यस पद्धतिले बालकेन्द्रित शिक्षामा जोड दिन्छ ।

बालबालिकाको रुचि, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरूलाई सुहाउँदो शिक्षा अरू बालबालिकासँगै उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । यस कार्यलाई सबैका लागि शिक्षा भन्ने बहुचर्चित शिक्षा अभियानले पनि अङ्गीकार गरेको छ । त्यसैगरी, नेपाल सरकारले पनि यस बहुचर्चित कार्यक्रमलाई पञ्चवर्षीय योजना (सन् २००४ देखि २००९) मा समावेश गरी कार्यान्वयनमा तदारुकाता देखाइसकेको छ ।

फरक क्षमता भएका, भिन्न बालबालिकारु, यिनीहरू अरू बालबालिकाभन्दा फरक छन्, त्यसकारण उनीहरूलाई भिन्नै विद्यालयको आवश्यकता पर्छ भन्ने सोचले अपाङ्गतालाई समाजबाट अलग गरिदिन्छ र समाजसँगै हुर्कने, बढ्ने, पढ्ने एवं सँगसँगै प्रतिस्पर्धी बन्ने अवसरबाट वञ्चित गर्छ । यस्ता कारणहरूले अपाङ्हता भएका व्यक्तिहरूको विकास प्रक्रिया नै ढिला र पछौटे बनाउँदछ, जसका कारण समाजमा अन्य व्यक्तिहरूसँगै प्रतिस्पर्धी बन्न असमर्थ बनाउँछ ।

अवसर पाएमा सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शिक्षाले अरू थप बहिष्करण हुनबाट रोक्छ र समाजसँगै हुर्कने, बढ्ने र पढ्ने एवं पतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरू सुझाउँछ । यस पद्धतिले segregated पद्धतिभन्दा पनि integrated पद्धतिमा विश्वास गर्छ । विविध वर्ग, क्षेत्र, लिङ्ग, क्षमता, आर्थिक-सामजिक परिवेशका बालबालिकालाई एउटै कक्षामा राखी शिक्षा दिंदा

बालबालिकाले एकले अर्कोबाट सिक्ने मौका पाउँछन् र एकले अर्काको सम्मान, कदर गर्न सिक्छन् ।

ज्ञान आफैँभित्र क्रमश: विकास हुँदैजाने प्रक्रिया हो । धेरै प्रकृतिका बालबालिकालाई एक-अर्कोबाट सिक्न उत्प्रेरित गर्ने र नवीन ज्ञानको खोजी गर्न सहयोग गर्नाले उनीहरूमा सिर्जनात्मक क्षमता विकास हुन्छ ।

बच्चालाई संथाकरण गर्ने, घर-परिवारबाट टाडा विद्यालयमा राख्ने, पारिवारिक वातावरण, आमा-बाबुको हेरचाह र प्रेम, दायित्ववोध र सुसंस्कृत बनाउने अवसरबाट वञ्चित गरिनु गलत अभ्यास हो । बाबु-आमाको माया पाउनु, पारिवारिक वातावरणमा हुर्कन र पढ्न पाउनु बाल अधिकार हो । त्यसका लागि परिवारले घरनजिकैको विद्यालयमा आफ्नो बच्चालाई पढाउने काम बाल अधिकारको सम्मान पनि हो समावेशी शिक्षा ।

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २८ ले सबै बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ भनेको छ भने धारा २९ ले त्यस्तो शिक्षाले बालबालिकाको व्यक्तित्व, शारीरिक तथा मानसिक विकासमा सर्वथा मद्दत गर्ने कुरा उल्लेख गरेको छ । त्यसलाई नेपाल सरकारले अङ्गीकार गरेको छ र बालबालिकासम्बन्धी ऐन, २०४८ मार्फत व्यवस्थित गरेको छ ।

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २९ ले समेत शिक्षा पाउने अधिकारलाई सर्वस्वीकार्य भनी उल्लेख गरेको छ भने नेपाल यस घोषणापत्रको पक्षमा उभिँदै आएको छ ।

लोककल्याणकारी राज्यको दायित्व भनेको गरेका प्रतिबद्धताहरू र व्यवस्था गरिएका ऐन, नियमहरू कार्यान्वयन गर्ने र त्यसका लागि तदारुकता देखाउने हो । त्यसमा कहीँ कतै चुक्नु भनेको वा बिमुख हुनुभनेको लोककल्याणकारी राज्यको चरित्र हुन सक्दैन ।

## समावेशी शिक्षाका सम्बन्धमा हुँदै आएका अभ्यास

नेपालमा समावेशी शिक्षाको अभ्यासको इतिहास खासै लामो देखिँदैन । समावेशी शिक्षाभन्दा पनि विशेष शिक्षाको अवधारणाले नेपालामा लेबोरेटरी हाइस्कुल, २०२१, केन्द्रीय बहिरा विद्यालय नक्शाल, २०२३, खगेन्द्र नवजीवन स्कुल जोरपाटी, २०२६ तथा निर्मल बालविकास केन्द्र, २०३७ खुले । वि.सं २०३० मा विशेष शिक्षा परिषद् तथा २०५३ मा विशेष शिक्षा नीतिलगायतका व्यवस्था गरिँदै आइयो ।

नेपालमा समावेशी शिक्षा, समतामूलक तथा अधिकारका रूपमा शिक्षाले स्थापित हुन वि.सं २०५७ सम्म कुर्नुपर्‍यो । अर्थात, युनेस्कोको आह्वानमा सबैका लागि शिक्षाको नारासहित सन् १९९४ मा स्पेनको सालामाङ्कामा भएको घोषणाले नेपाललाई छुनसम्म भने भ्याइसकेको थियो । त्यसपछि शिक्षा विभागले समावेशी शिक्षामा काम गर्न इन्क्लुसिभ शिक्षा शाखाको व्यवस्था गरेपछि अपाङ्गता भएका बालबालिकाको शिक्षामा केन्द्रीयरूपमा तथ्याङ्क सङ्कलन तथा व्यवस्था मिलाउन सुरु भएको पाइन्छ ।

२०६२ मा इन्क्लुसिभ शिक्षा शाखालाई समावेशी शिक्षा शाखा नामाकरण गरियो । यससँगै जिल्ला शिक्षा कार्यालयहरूबाट अपाङ्गता भएका बालबालिकाको शिक्षामा सहजीकरण गर्न लेखाजोखा केन्द्र व्यवस्था गर्ने काम थालियो । त्यसको पृष्ठभूमिमा टेकी हाल नेपालमा ६८ जिल्लामा लेखाजोखा केन्द्रको व्यवस्था, ३८० स्रोत कक्षा (दृष्टिबिहीन, बहिरा तथा सुस्तश्रवण र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि) तथा २२ वटा एकीकृत विद्यालयमार्फत समावेशी शिक्षाको अभ्यास गरिँदै आएको छ ।

## वर्तमान समस्या र चुनौती

- विद्यालयको भौतिक संरचना अपाङ्गता भएका बालबालिका अनुकूल नरहेको ।

- विद्यालयमा गरिने शिक्षण-सिकाइ तथा अभ्यासलगायतका क्रियाकलाप अपाङ्गता भएका बालबालिका अनुकूल नरहेको ।
- सहपाठी सिकाइ तथा सहायता आदान-प्रदानको संस्कृतिलाई विद्यालयहरूले प्रोत्साहन गर्ने कार्यक्रमहरू ल्याउन नसकेको ।
- विद्यालयले अपाङ्ग बालबालिकालाई सहजै भर्ना लिन नरुचाएको ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक समिति तथा स्थानीय शिक्षाप्रेमी, नागरिक समाजले अपाङ्गता शिक्षामा चासो र सकारात्मक सहायता उपलब्ध गराउने नगरेको ।
- जिल्ला शिक्षा कार्यालय अन्तर्गत रहने लेखाजोखा केन्द्र सक्रिय र प्रभावकारी हुन नसकेको ।
- विद्यालयहरूलाई उपलब्ध गराइएका ३८० वटा स्रोत कक्षा पनि स्रोतपूर्ण हुन नसकेको ।
- स्रोत कक्षाहरूमा तालिमप्राप्त सीपयुक्त शिक्षक नरहेको ।
- स्रोत कक्षाहरूलाई मूलधारको कक्षामा नबुझेका विषयवस्तु छलफल गर्ने, होमवर्क गराउने, विभिन्न विधि र प्रविधि प्रयोग गरी तुलनात्मकरूपमा कमजोर विद्यार्थीलाई सहायता उपलब्ध गराउने परिपाटी नरहेको ।
- मूलधारका कक्षामा शिक्षकले पढाइरहँदा अपाङ्गता भएका बालबालिकालाई सहायक शिक्षकमार्फत विषयवस्तुलाई सरलीकरण गर्ने, धारणात्मक ज्ञान दिन सहायता उपलब्ध गराउने परिपाटी नरहेको ।
- अपाङ्गता भएका बालबालिकाको शिक्षामा रहेका चुनौतीहरू पञ्छाउन खोज, अध्ययन-अनुसन्धान र प्राप्त दक्ष जनशक्तिको पहिचान र परिचालन गर्ने कार्यमा शिक्षासँग सम्बद्घ अधिकारीहरूमा चासो नरहेको ।
- अभिभवकमा आफ्ना बालबालिकाले पनि अन्य बालबालिकाले जस्तै पढ्न, सिक्न र जीवनमा प्रगति गर्न सक्छन् भन्ने विश्वासको कमी रहेको अथवा आशा-आकाङ्क्षा नरहेको ।
- अभिभावकमा उत्साह र प्रोत्साहन तथा समय र स्रोतको लगानी गर्ने आकाङ्क्षा नरहेको ।

## चुनौती सामना गर्ने उपाय

- विद्यालय भर्ना अभियानसँगै समाजमा स्थापित हुन सफल अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा बृहद् जनचेतना अभियान सञ्चालन गरिनु पर्ने ।
- विद्यालयहरूमा least restrictive environment (अबरोध न्युनीकरण भएको वातावरण) सिर्जना गर्ने उत्प्रेरणामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- समावेशी शिक्षा, यसको महत्व र यसका फाइदाहरूका बारेमा शिक्षकलाई जानकारी गराउने, अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सहपाठी सहयोग र सिकाइ आदान-प्रदानका फाइदाहरू सुझाउने र उत्प्रेरण जगाउने कार्यक्रमहरू विद्यालयहरूले सञ्चालन गर्नु पर्ने ।
- अपाङ्गता भएका विद्यार्थीहरूलाई उपलब्ध गराइने छात्रवृत्तिलाई सरलरूपमा प्राप्त गर्न सकिने बनाउनु पर्ने र यसको प्रचार-प्रसार तथा अभिभावकको सूचनामा पुर्‍याउनु पर्ने ।
- प्रत्येक विद्यालयमा स्रोत कक्षा उपलब्ध गराउनु पर्ने र त्यस्ता कक्षालाई स्रोतपूर्ण बनाउनु पर्ने ।
- स्रोत कक्षालाई मूलधारका कक्षाहरूमा नबुझेका विषयवस्तु र तुलनात्मकरूपमा कमजोर मानिएका विद्यार्थीलाई थप अभ्यास गर्ने, सिक्ने र सिकाउने कोचिङ कक्षाको रूपमा विकास गर्नु पर्ने न कि अपाङ्ग विद्यार्थीलाई जाम्मा गर्ने र अन्य विद्यार्थीसँग घुलमिल हुनबाट वञ्चित गराउने कक्षाका रूपमा विकास गर्ने ।

# राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका मुख्य गतिविधि एवं उपलब्धि

सात वटा संस्था मिलेर २०५० साल भदौ १५ गते स्थापना भएको राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल २३ औँ वसन्त पार गरिरहँदा ३३१ वटा सदस्य संस्था भएको अपाङ्गता भएका व्यक्तिहरूको एउटैमात्र छाता सङ्गठनको रूपमा स्थापित छ ।

वकालत, पैरवी, क्षमता, विकास, समन्वय र सञ्जालीकरण कार्यक्षेत्रको मूलमन्त्रका रूपमा अधिसारेको महासङ्घले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, संवर्द्धन एवं सुनिश्चितताका लागि २४ वर्षदेखि निरन्तर काम गर्दै आइरहेको छ । यसक्रममा अपाङ्गता भएका व्यक्तिहरूका अधिकार प्राप्तिका दृष्टिकोणले धेरै उपलब्धि हासिल भएका छन् । नीतिगतरूपमा प्राप्त ती उपलब्धि दूरदराजमा रहेका अपाङ्गता भएका व्यक्तिहरूले भने हालसम्म पनि सहजरूपमा उपभोग गर्न नसकिरहेको यथार्थ पनि हामीसामु छ ।

अपाङ्गता भएका व्यक्तिहरूका अधिकार प्राप्तिका लागि यस अवधिमा महासङ्घले गरेका केही गतिविधि एवं प्राप्त उपलब्धि संक्षिप्तमा तल प्रस्तुत गरिएको छ ।

## उपलब्धि

नेपाल सरकारद्वारा विद्यालय क्षेत्र विकास योजना, २०१६-२२ अनुमोदन भई लागू गरिएको छ । यसले अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच पुर्‍याउनका लागि आवश्यक पर्ने विशिष्टीकृत कुराहरूलाई स्पष्टरूपमा समेटेको छ । यो योजनाको कार्यान्वयन प्रभावकारी ढङ्गबाट हुने परिस्थिति सिर्जना भए अपेक्षा गरिएका लक्ष हासिल गर्न महत्वपूर्ण कोशेढुङ्गो सावित हुनेछ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७२ को विधेयक व्यवस्थापिका संसद्मा पेश गर्न २०७३ असोज २८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृति प्राप्त भएको छ । यस अवधिमा व्यवस्थापिका संसद्बाट त्यो विधेयक स्वीकृत गराउन महासङ्घले निरन्तर पैरवी एवं दवावमूलक कामहरू गरिरहेको छ ।



## केही मुख्य क्रियाकलाप

जुलाई २०१६ मा अपाङ्गतासम्बन्धी १० वर्षे नीति तथा कार्ययोजनाको पहिलो मस्यौदा तयारी गर्न एक दिने राष्ट्रिय कार्याशाला काठमाडौँमा आयोजना गरियो ।

सेप्टेम्बर १२, २०१६ मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ कार्यान्वयनको सन्दर्भमा नागरिक समाजका तर्फबाट पेश गरिने छायाँ प्रतिवेदन तयारीमा सरोकारारवालाको भूमिका विषयक एक दिने कार्यशाला गरियो ।

सन् २०१६ सेप्टेम्बर १३ र १४ गते नदेखिने अपाङ्गता (बौद्धिक अपाङ्गता अटिज्म प्रभावित डाउन सिन्ड्रोम र मनोसामाजिक अपाङ्गता) सम्बन्धी महासङ्घका केन्द्रीय कार्यसमितिका पदाधिकारी र कर्मचारीलाई २ दिने अभिमुखीकरण कार्यक्रम काठमाडौँमा आयोजना गरियो ।

अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीमा पहुँच प्रवर्द्धन गर्ने तथा बढी सङ्ख्यामा अपाङ्गता

भएका व्यक्तिलाई रोजगारी दिने द वेकरी क्याफे र देउराली जनता फर्मास्युटिकल प्रा.लि.लाई १७ अगष्ट २०१६ मा एक समारोहकाबीच सम्मान गरियो। यस अवधिमा रोजगारदाताहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोणमा ठूलो परिवर्तन आएकोछ। रोजगारदाताहरूले पहुँचयुक्त कार्यस्थल कसरी बनाउने भन्ने विषयमा गहिरो अभिरुची राखेका छन्। यसैक्रममा हाल आठ जना अपाङ्गता भएका व्यक्तिहरूले प्रत्यक्ष/अप्रत्यक्षरूपमा रोजगारी प्राप्त गरेका छन्। करिब पचास जना अपाङ्गता भएका व्यक्तिहरूलाई काउन्सिलिङ प्रदान गरिएको छ। नयाँ नयाँ रोजगारीका अवसर खोज्नेक्रम पनि जारी रहेको छ। हाल रोजगारीमा संलग्न व्यक्तिहरूलाई पनि फलोअपमार्फत आवश्यक सहयोग प्रदान गरिँदै आएको छ।

महासङ्घको आन्तरिक सूचनालाई online reporting system मार्फत व्यवस्थापन गर्न केन्द्रीय कार्यालयमा पूर्णरूपमा र पाँचवटै क्षेत्रीय कार्यालयमा आंशिकरूपमा काम शुरु गरिसकिएको छ। २०७३ साउन १ देखि सफ्टवेयर प्रविधिद्वारा आन्तरिक सूचना प्रणाली शुरु गरिएको छ। यो प्रयासले केन्द्र र क्षेत्रको दर्ता, चलानी र परामर्श सेवालाई चुस्त र दुरुस्त बनाउन मद्दत मिलेको छ।

अक्टोबर २७, २०१६ मा सी.बी.एम.सँगको साझेदारी एवं काठमाडौं महानगरपालिकासँगको प्रत्यक्ष सहकार्यमा महासङ्घले सञ्चालन गर्न लागेको "समावेशीकरणका लागि पहुँचयुक्तता" नामक परियोजना, २०१६-१८ को औपचारिक घोषणा एवं परियोजनाबारे विभिन्न सरोकारवाला निकाय एवं सङ्घसंस्थालाई जानकारी दिने उद्देश्यका साथ कार्यक्रम गरियो।

भूकम्पबाट प्रभावित काठमाडौँ उपत्यका र आसपासका जिल्लामा समेत नयाँ निर्माण हुने भौतिक संरचना नेपाल सरकारले तोकेको मापदण्ड अनुसार अपाङ्गतामैत्री बनाउन र भौतिक संरचना निर्माणमा युनिभर्सल डिजाइनलाई प्रवर्द्धन गर्न महासङ्घ र काठमाडौँ महानगरपालिकाबीच औपचारिक सम्झौता सम्पन्न भई काम अगाडि बढिरहेको छ।

यस परियोजना अन्तर्गत प्राविधिकहरूलाई पहुँचयुक्ततासम्बन्धी प्रशिक्षण दिने, प्राविधिकहरूको एक समूह बनाएर विभिन्न काममा परिचालन गर्ने, विभिन्न चेतनामूलक तथा सूचनामूलक सामग्रीहरू निर्माण एवं वितरण गर्ने, समावेशी पर्यटन प्रवर्द्धन एवं विश्वविद्यालयका पाठ्यक्रमलाई समावेशी बनाउनका निम्ति कार्यशाला गोष्ठीहरू सञ्चालन गर्ने, सार्वजनिक संरचनाहरूको पहुँचको अवस्था परीक्षण गर्ने र परीक्षणबाट प्राप्त सिफारिशका आधारमा पहिला नै निर्माण भइसकेका केही महत्वपूर्ण सार्वजनिक संरचनालाई विश्वव्यापी संरचनाका सिद्धान्त एवं नेपाल सरकारले तोकेको मापदण्ड अनुसार पुनर्निर्माण गर्ने जस्ता क्रियाकलाप सञ्चालन गरिने छ।

नोभेम्बर १४ र १५ गते काठमाडौँमा विभिन्न सरकारी निकायका वरिष्ठ इन्जिनियर, काठमाडौँ एवं त्रिभुवन विश्वविद्यालयका प्राध्यापक, निजी कम्पनिका आर्किटेक्ट एवं केही डीपीओका प्रतिनीधि गरी जम्मा २३ जनाका लागि पहुँचयुक्तता एवं विश्वव्यापी संरचनाका सिद्धान्तसम्बन्धी दुई दिने टी.ओ.टी. सञ्चालन गरियो। त्यस प्रशिक्षणको सहजीकरण अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सी.बी.एम.का पहुँचयुक्ततासम्बन्धी अन्तर्राष्ट्रिय सल्लाहकार बेन्जामिन ड्राडले गर्नुभयो।

हाल महासङ्घले पहुँचयुक्ततासम्बन्धी सबैजसो काममा त्यही प्रशिक्षण लिएका प्राविधिकलाई नै परिचालन गर्दै आइरहेको छ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय मानव अधिकार महाभेला २०७३ मङ्सिर २७ र २८ गते काठमाडौँमा आयोजना गरियो। भेलाले काठमाडौँ घोषणापत्र जारी गरेको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ लाई नेपालले अनुमोदन गरेको ६ वर्ष पूरा भइसक्दा पनि अपाङ्गता भएका व्यक्तिका सवालहरू अझै पनि मानव अधिकारको प्रमुख मुद्दा बन्न नसकिरहेको

वर्तमान परिवेशमा उनीहरूका मानव अधिकारसम्बन्धी सवाललाई देशव्यापीरूपमा उठान गर्ने, सरोकारवालाहरूलाई यस विषयमा जानकारी गराउन र संयुक्त प्रतिबद्धता हासिल गर्ने मुख्य उद्देश्यले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसकै अवसर पारेर महासङ्घले अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय मानव अधिकार महाभेला आयोजना गरेको हो ।

## वकालत तथा पैरवी

२०७३ साउन ६ गते पुनर्निर्माणमा अपाङ्गता भएका व्यक्तिहरूको सवालमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सिंहदरबारमा विज्ञ सदस्य डा. चन्द्रबहादुर श्रेष्ठलाई भेटी ध्यानाकर्षणपत्र बुझाइयो ।

उहाँले त्यस अवसरमा सरकारका तर्फबाट भूकम्प प्रभावित १४ वटा जिल्लामा बनाउन लागिएका सबै नमूना घर, प्राधिकरणका तर्फबाट प्रसारण गरिने सूचना अपाङ्तामैत्री बनाउने र प्राधिकरणका तर्फबाट नयाँ नीति बनाउँदा अपाङ्ता भएका व्यक्तिहरूको सहभागिता गराइने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

२०७३ साउन १९ गते नयाँ शिक्षा ऐनको भावना अनुरूप संशोधन हुन लागिरहेको शिक्षा नियमावलीमा अपाङ्गता भएका व्यक्तिहरूका सवाल समावेश गर्न समस्याहरूलाई विभिन्न ९ क्षेत्रमा विभाजन गरी शिक्षा मन्त्रालयमा सुझाव पेश गरियो ।

२०७३ साउन १९ गते अपाङ्गता भएका व्यक्तिहरूको मानवीय संवेदनशीलतालाई ध्यानमा राखी अर्थ मन्त्रालयसमक्ष अपाङ्गता भएका कर्मचारीहरूको सरुवा व्यवस्थापन सम्बन्धमा पत्र बुझायो ।

२०७३ साउन ३० गते नेपाल सरकार, मन्त्रिपरिषद्को २०६९ फागुन ६ गतेको निर्णय अनुरूप अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार निर्देशिका, २०६९ को काडाइका साथ कार्यान्वयन गर्न राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट नेपाल सरकारलाई निर्देशन गरिदिन अनुरोधपत्र बुझाइयो ।

२०७३ साउन ३१ गते सञ्चारसम्बन्धी आचार संहितामा र अपाङ्गताको सवालमा समावेश गर्न प्रेस काउन्सिल र नेपाल पत्रकार महासङ्घलाई ध्यानाकर्षणपत्र बुझायो । यसको परिणामस्वरूप संशोधित आचारसंहितामा अपाङ्गतासम्बन्धी नयाँ प्रावधान समावेश गरिएको छ ।

२०७३ भदौ ३१ गते अपाङ्गता परिचयपत्र दुरूपयोगसम्बन्धी ध्यानाकर्षणपत्र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयल सामाजिक सुरक्षा शाखामा छानविनका लागि बुझाएको छ ।

## वर्तमान अवस्थामा महासङ्घले उठाइरहेका मुद्दा

अपाङ्गता अधिकार ऐन (विधेक) व्यवस्थापिका संसद्मा विचाराधीन रहेको छ । त्यसलाई अनुमोदन गराउन निरन्तर पैरवी भइरहेको छ ।

अपाङ्गतासम्बन्धी १० वर्षे नीति तथा कार्ययोजनाको अन्तिम मस्यौदा तयारी गरी महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा बुझाइसकिएको छ । नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अनुमोदनका लागि निरन्तर पैरवी भइरहेको छ ।

अपाङ्गता परिचयपत्र वितरण तथा व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्न परिचयपत्र वितरण निर्देशिकामा समयसापेक्ष संशोधन गर्न पैरवी भइरेहेको छ ।

हाल नेपाल सरकारले द्रुतगतिमा परिवर्तन गरिरहेका कानुनहरूमा अपाङ्गताका सवाल समावेश गराउन आवश्यक पैरवीहरू भइरहेका छन् ।